"हाम्रो कला, हाम्रो संस्कृति, मध्यपुर थिमि, हाम्रो सम्पत्ति"

# मध्यपुर थिमि नगरपालिकाको सातौं नगरसभामा नगरउपप्रमुख श्री विजय कृष्ण श्रेष्ठबाट प्रस्तुत

## आ.व.२०७९।०८० को अर्दवार्षिक आय व्यय विवरण तथा आ.व. २०८०।०८१ को आय प्रक्षेपण

मध्यपुर थिमिनगरपालिका

भक्तपुर

बागमती प्रदेश

www.madhyapurthimimun.gov.np

मिति: २०७९ माघ ८ गते



CamScanner

**नगरसभाका आदरणीय सभाध्यक्षज्यू,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू,**

**नगर सभासद्ज्यूहरू,**

**राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू ।**

मध्यपुर थिमि नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को चालु आ.व. बजेट नीति तथा कार्यक्रम संशोधन तथा आर्थिक वर्ष २०७९/०८० को आय प्रक्षेपण तथा कार्यप्रगती, आन्तरिक आयका सम्बन्धमा यस गरिमामय सातौ हिउँदे नगरसभाभा पेश गर्न पाउँदा मलाई अत्यन्तै खुसी तथा गौरवान्वित महशुस भएको छ । यस अवसरमा संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्तिका लागि विभिन्न जन-आन्दोलनहरुमा सहभागीता जनाउने क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता, घाइते रहनु भएका विर योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

जनताको मतको कदर स्वरुप जनताको सेवामा समर्पित भएर लागिरहेका छौ । सम्पूर्ण जनप्रतिनिधिहरू एकजुट भई मध्यपुर थिमि नगरपालिका अगाडी बढिरहेका छ । जसको फलस्वरुप नीति तथा कार्यक्रम, बजेट निर्माण तथा बजेट कार्यान्वयनमा समेत गति लिएको छ । आउँदा दिनहरूमा पनि यस्तै सहकार्य गरी अगाडी बढ्न आवश्यक छ किनकी यो जनताको म्यान्डेट हो जसले मध्यपुरवासीको विकास निर्माणको चाहना, आकांक्षा अवश्य पनि पुरा गर्ने छ । हामीले लिएको लक्ष्य कार्यान्वयनमा केही ढिलाई भएपनि नीति तथा कार्यक्रमको सर्वत्र प्रशंसा हुनु जनताको चाहना, भावना कदर हुनु हो । अतः हामीले छैठौं नगरसभाबाट जनताको आधारभूत आवश्यकताहरू शिक्षा, स्वास्थ्य, रोजगारीको नगरमैं उपलब्धता तथा स्ववासी जग्गाको पूर्जा वितरण लगायतकायोजना पारित भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै जाने हाम्रो दायित्व हो । जुनबाटोमा मध्यपुर थिमि नगरपालिका र सम्पूर्ण जनप्रतिनिधिहरू दत्तचित्त भएर लागिरहेको छ । जसले गर्दा हामीले लिएको लक्ष्य केहीं वर्षमा सम्पन्न हुने विश्वास लिन सकिन्छ ।

**मध्यपुर थिमि नगरपालिकाको राजस्व संकलनको अवस्था र सुधार योजना**

**१. मध्यपुर थिमि नगरपालिकाको संक्षिप्त परिचय :-**

मध्यपुर थिमि नगरपालिका वागमती प्रदेश, भक्तपुर जिल्लामा अवस्थित छ । पर्यटनलाई मुख्य व्यवसायको रुपमा अगाडी बढाउन सकिने प्रशस्त सम्भावना बोकेको सांस्कृतिक नाँचगान, जात्रा पर्व, प्राचिन मन्दिर, पोखरी र वस्ती, स्थानीय जनजाति, भाषा, कला संस्कृति, रहनसहन, चाडपर्व, परम्परागत पेशा व्यवसायको बाहुल्यता रहेको यो नगरपालिका जम्मा ११.४७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिका पूर्वमा भक्तपुर र चांगुनारायण नगरपालिका, उत्तरमा कागेश्वरी मनोहरा नगरपालिका, दक्षिणमा सूर्यविनायक नगरपालिका र महालक्ष्मी नगरपालिका तथा पश्चिममा काठमाडौ महानगरपालिकाले घेरिएर रहेको छ । नेपालकै सबैभन्दा सानो जिल्ला भक्तपुर (११९ वर्ग किलोमिटर) को कुल क्षेत्रफलको ९.६ प्रतिशत भूभाग ओगटेको यस नगरपालिका आकारमा सानो भएता पनि आफ्नो विशिष्ट पहिचानले विश्वप्रसिद्ध रहेको छ । यहाँको मौलिक र परम्परागत संस्कृति, जात्रा पर्वहरू, पुरातात्विक मठमन्दिरहरू, परम्परागत पेशा व्यवसायहरूका कारण प्रसिद्ध रहेको यस नगरपालिका आधुनिकीकरण र सहरीकरणसँगै बसोबास, उद्यम, व्यापार व्यवसायको दृष्टिले समेत धेरैको रोजाई र प्राथमिकतामा पर्ने क्षेत्रको रूपमा स्थापित हुदै छ ।

भक्तपुर जिल्ला र काठमाडौ जिल्लाको बिचमा अवस्थित रहेको, चक्रपथ, अन्तर्राष्ट्रिय विमानस्थलसंग नजिकको दूरीमा रहेको, छिमेकी राष्ट्र चीनको उतरी नाका तातोपानी जोड्ने अरनिको राजमार्ग जोडिएको कारणले आर्थिक व्यापारिक अवसरहरू सिर्जना गर्ने प्रशस्त सम्भावना रहेको छ ।

स्थानीय स... मध्यपुर थिमि न... २०७२



V.Shrestha

२. मध्यपुर थिमि नगरपालिकाको भौतिक विकासको अवस्था, भावि सोच र त्यसले आन्तरिक राजस्वमा पार्ने प्रभाव :

- अहिले राधेराधे चोक क्षेत्र, थिमि सखधर चोक, गठ्ठाघर, कौशलटार, लोहंकिन्थली, दिव्यश्वरी जग्गा एकिकरण आयोजना, मनोहरा जग्गा एकिकरण आयोजना क्षेत्र, मनोहरा पूलदेखि बजार हुँदै निकोसेरासम्मको क्षेत्र, वहोखावजारबाट बोडे मनोहरा पुलसम्मको क्षेत्र, बोडे चौबाटोबाट धुन्चेपाखा हुँदै सानोथिमि आउने क्षेत्र पनि व्यावसायिक क्षेत्रका रुपमा द्रुत गतिमा अगाडी बढिरहेको छ । त्यस्तै हनुमन्ते, मनोहरा करिडोर क्षेत्र पनि व्यावसायिक क्षेत्रको रुपमा विकसित हुँदैछ । मध्यपुर थिमि नगरपालिकाले अव यी क्षेत्रहरुलाई व्यवस्थित वनाउन प्राविधिक अध्ययन तथा भावि रणनीतिक योजना बनाउन जरुरी छ । जसले हामीसँग भएका न्यूनतम ठाउँलाई अधिकतम उच्चतम उपयोग गर्न सकौं । व्यवस्थित बजार नीति नियम, भावि व्यावसायिक कार्ययोजना बनाउन सक्यौ भने मात्रै हामीले यी क्षेत्रलाई व्यावसायिक हब, व्यावसायिक केन्द्र बनाउन सक्छौं, जसको कारणले समग्र मध्यपुर नगरलाई समृद्ध बनाउन सक्ने छौं । त्यसको लागि यी क्षेत्रमा बन्ने व्यावसायिक घरहरुको लागि छुट्टै व्यावसायिक building by lawasअनुरुप बनाउन कडाई गर्नु जरुरी छ ।
- अण्डरग्राउण्ड पार्किङ, सडकमा छोड्नुपर्ने दूरी, हाईटमा एकरुपता ल्याउने, ती क्षेत्रमा नगरपालिकाको तर्फबाट पुऱ्याउनुपर्ने आधारभूत आवश्यकताहरु, सुविधाहरु पुऱ्याउनुपर्ने, पार्किङको व्यवस्थाको लागि ठाउँ पहिचान गर्ने, सुविधासम्पन्न सार्वजनिक शौचालय बनाउने जस्ता योजनाहरू अगाडी बढाउनुपर्ने आवश्यकता छ ।
- मध्यपुर थिमि नगरपालिका औं नगर छैठौं नगर परिषदबाट नगरपालिका भित्रका ६ ठाउँमा जग्गा विकास आयोजना सञ्चालन गर्नेगरी अघिल्लो नगर परिषदले गरेको निर्णय अनुमोदन गरेको छ । ती क्षेत्रहरुमा अब कसरी व्यवस्थित आवास तथा व्यावसायिक क्षेत्रका रुपमा विकास गर्ने भन्ने विषयमा योजना बनाएर अगाडी बढ्नुपर्ने देखिन्छ । विगतको जस्तो कछुवाको गतिमा गरिएका आयोजनाहरूको कामको निराशालाई उत्साहमा बदल्नु जरुरी छ ।
- नगरपालिका क्षेत्रभित्र ठुल्ठुला व्यापारिक भवनहरू बनाउने गरी योजनाहरू तय गर्न जरुरी छ । जग्गा विकास गर्दा अरनिको राजमार्ग जोडिएका केहीं क्षेत्रलाई व्यवसायिक क्षेत्र घोषणा गरेर अगाडी बढ्न आवश्यक छ । ति क्षेत्रहरूमा जग्गा विकास गरेपछि नगरपालिकालाई प्राप्त हुने जग्गामा अत्याधुनिक सविधासम्पन्न कम्प्लेक्सहरू निर्माण गर्ने, जसको कारणले सो क्षेत्र मध्यपुरकै विशेष आर्थिक क्षेत्रको रुपमा विकास हुन सम्भव छ । त्यस्तै नगरवासीले पनि रोजगारी लगायत व्यवसायिक सफलता हासिल गर्न सक्ने माध्यम बन्ने छ ।
- त्यस्तै आवाशीय क्षेत्रको मापदण्डलाई कडाइ गरी लागु गर्नुपर्ने अवस्था छ । अब गरिने नयाँ आवास क्षेत्रमा बनाईने घरहरूको हाईट, कलर र उचाई एउटै प्रकारको हुनुपर्ने तथा बाटोहरू पनि नियमानुसार बनाउने, आवश्यक पूर्वाधारहरू सबै पुऱ्याउने, सुरक्षा लगायतका विषयहरू पनि समेट्ने नीति बनाउन आवश्यक छ । जसको कारणले एउटै प्रकारको भवन, बाटोले गर्दा व्यवस्थित र आकर्षक आवास क्षेत्र बन्ने छ । यसले राजस्व सङ्कलनमा समेत सकारात्मक प्रभाव पार्नेछ ।

३. मध्यपुर थिमि नगरपालिकाको प्रशासनिक विभाजन :- तत्कालिन बोडे, नगदेश, चपाचो, बालकुमारी र दिव्यश्वरी गाउँ विकास समितिहरूलाई गाभेर वि.सं. २०५३ साल चैत्र १४ गते यस नगरपालिकाको विधिवत स्थापना भएको हो । साविकमा स्थानीय निकायको रूपमा १७ वटा वडा कायम भएकोमा नेपालको संविधान २०७२ जारी पश्चात स्थानीय तहको रूपमा परिणत भई हाल ९ वडा कायम भएको छ । यस नगरपालिकाको वडा नं. ४,५,६,७ ८,९ का अधिकांश हिस्सा परम्परागत वस्ती, घर र स्थानीय जनजातिको बाहुल्यता रहेको देखिन्छ भने वडा नं. १,२,३ पछि विस्तार भएको क्षेत्र भएकोले बाहिरी जिल्लाबाट बसाईसराई गरी आएका बासिन्दाहरुको बाहुल्यता रहेको र व्यावसायिक आर्थिक क्रियाकलाप बढि हुने क्षेत्रको रुपमा रहेको देखिन्छ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका

४. मध्यपुर थिमि नगरपालिकाको वडाको क्षेत्रफल :-

| क्र.सं. | वडा नं. | क्षेत्रफल (वर्ग किलोमिटर) |
|---|---|---|
| १ | वडा नं. १ | ०.८६ |
| २. | वडा नं. २ | २.६६ |
| ३. | वडा नं. ३ | १.२६ |
| ४. | वडा नं. ४ | ०.६८ |
| ५. | वडा नं. ५ | ०.७५ |
| ६. | वडा नं. ६ | ०.७६ |
| ७. | वडा नं. ७ | १.४ |
| ८. | वडा नं. ८ | १.२९ |
| ९. | वडा नं. ९ | १.४२ |
| | जम्मा :- | ११.०८ |

५. मध्यपुर थिमि नगरपालिकाको जनसङ्ख्या :-

- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार मध्यपुर थिमि नगरपालिकाको घर, परिवार, महिला, पुरुष र जम्मा जनसङ्ख्याको विवरण यस प्रकार रहेको छ।

| स्थानीय तह | जनगणना घर संख्या | परिवार संख्या | प्रारम्भिक जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| मध्यपुर थिमि नगरपालिका | १७६३९ | ३१७६८ | ५९००१ | ६०९५४ | ११९९९५ |

राष्ट्रिय जनगणना २०६८ मा जम्मा ८३,०३६ जनसङ्ख्या रहेकोमा २०७८ सालको जनगणनामा ११९९९५ जनसङ्ख्या पुगेको

६.. चालु आ.ब.मा आय-व्ययको अवस्था :-

- चालु आर्थिक वर्षमा आन्तरिक स्रोत तर्फ गत वर्षको मौज्दात ४४ करोड र आन्तरिक राजस्व सङ्कलनवाट ३३ करोड ५ लाख ६५ हजार समेत गरी७७ करोड ५ लाख ६५ हजार राजस्व प्रक्षेपण गरिएकोमारू.६३ करोड ५६ लाख, ८२ हजार ६१३ रूपैया पौष महिनासम्मआम्दानी भएको देखिन्छ।
- त्यस्तै चालु खर्च तर्फ ६४ करोड २० लाख १९ हजार ८ सय खर्च गर्ने लक्ष्य लिईएकोमा पुप मसान्तसम्ममा १९ करोड ६५ लाख ६५ हजार २२५ रूपैया खर्च भएको देखिन्छ। पूँजीगत खर्च तर्फ १ अर्व १३ करोड ९० लाख ३० हजार २ सय खर्च, गर्ने लक्ष्य लिईएकोमा पुप मसान्तसम्म ४ करोड ९२ लाख १० हजार २ सग छपन्न रुपैया खर्च भएको देखिन्छ।
- आ.व. २०७९/०८० मा जम्मा आय १,७८,१०,५०,०००।- रूपैंया प्रक्षेपण भएकोमा हालसम्म पूँजीगत र चालु खर्च गरी जम्मा २१,६२,५४,४४२.०२ खर्च भैसकेको छ। चौसिकमा १२.१४ प्रतिशत खर्च भएको देखियो। आ.व २०७९/०८० मा विकास वजेट तर्फ ८५ करोड वजेट विनियोजन भएकोमा हाल सडक कालोपत्रे गर्ने कार्य द्रुत गतिमा अगाडी बढिरहेको छ, जस अनुरुप पौष मसान्तसम्ममा नयाँ बाटो खोलेका ८१७ मिटर, ग्रावेल बाटो ८०० मिटर र सडक कालोपत्रे १,५९० मिटर गरी जम्मा ३.२०७ कि.मि. सडक निर्माण सम्पन्न भैसकेको छ। त्यस्तै ढुङ्गाको पर्खाल निर्माण २८५.६५ मिटर निर्माण भैसककेको छ। चालु आ.ब.को सरदर योजना संख्या ३४२ वटा

रहेका छन् । जसमध्ये दर्ता हुन आएका उपभोक्त समिति मार्फत सञ्चालन हुने योजनाहरूको उपभोक्त समिति दर्ता संख्या नगरस्तरिय ४२ र वडास्तरिय ९१ गरी जम्मा १३३ वटा रहेका छन् । त्यस्तै नगरस्तरिय २० वटा र वडास्तरिय ६० वटा गरी जम्मा ८० वटा उपभोक्ता समितिसँग सम्झौता भै काम शुरु भैसकेको छ । जस मध्ये नगरस्तरिय १ वटा र वडास्तरिय ३ गरी जम्मा ४ वटा योजनाहरू सम्पन्न भैसकेका छन् । त्यस्तै ठेक्का मार्फत सञ्चालन हुनेगरी सूचना प्रकाशन भएका योजना संख्या ४ वटा रहेका छन् । चुनावको कारणले यो वर्ष हामीले लिएको योजना भन्दा केही ढिलो काम सुरु भएको छ । तर अहिले भैरहेको कार्यसम्पादन प्रक्रियाले गर्दा अबको चौमासिकमा धेरै काम सम्पन्न हुनेछन् । बजेट खर्चको दर पनि बढ्ने छ ।

**७. संशोधन सम्बन्धमा :-**

आ.व. ०७९/०८० मा सम्पन्न विभिन्न विकास निर्माणको कामबाट जम्मा नगद रू. १,३३,५९,०००।- (अक्षेरेपि एक करोड तेत्तिस लाख उन्नासाठी हजार रुपैया मात्र) कम खर्च भई मौज्दात बाँकी रहन गएको छ । सो रकम सहित रू. १०,२१,४१,०००।- (अक्षेरेपि दस करोड एक्काईस लाख एकचालीस जार रुपैया) का अन्य केही योजनाहरू यो वर्ष काम नुहुने भएकोले सो समेत गरी जम्मा नगद रू. ११,५५,००,०००।- (एघार करोड पचपन्न लाख रूपैया मात्र) का योजनाहरू नगरपालिकाको भवन निर्माणको लागि जग्गा प्राप्ति तथा उज्यालो मध्यपुर नगर अभियान सञ्चालन सहित जम्मा १० वटा महत्वपूर्ण योजनाहरू सम्पन्न गर्ने गरी शिर्षक परिवर्तन गर्ने र भैपरी आउने शिर्षकमा रू. २५ लाख थप गर्ने गरी कार्यपालिकाबाट भएको निर्णय यस गरिमामय नगरसभा समक्ष पेश भएको छ । त्यस्तै गरी बजेट पूर्णरूपमा सदुपयोग गर्ने नीति अनुरूप सम्पूर्ण वडा अध्यक्षज्यूहरूलाई यो वर्ष सम्पन्न हुन नसक्ने सम्झौता भईनसकेको योजनाहरूको शिर्षक परिवर्तनका लागि सूचना जारी गरिसकेका छौं ।

**८. स्थानीय तहको राजस्व अधिकार र जिम्मेवारी**

नेपालको संविधान २०७२ ले देशको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारले गर्ने व्यवस्था गरेको छ । यसै अनुरुप संविधानको अनुसूचीहरुमा संघ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र साझा अधिकार सूचीहरू उल्लेख गरिएका छन् । आम नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रही जनचाहना र भावना अनुरुप सेवा प्रवाह र विकास निर्माणका कार्यहरू गर्ने राज्य व्यवस्थाको सवैभन्दा प्रभावकारी संस्थाको रूपमा संविधानले स्थानीय तहको परिकल्पना गरी सोही अनुरुप स्रोत साधन, अधिकार र जिम्मेवारी समेत प्रदान गरेको छ।

संविधानले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्वबाडफाँटबाट प्राप्त हुने रकमको अतिरिक्त आफैंले विभिन्न कर तथा गैर कर राजस्व संकलन गर्नसक्ने अधिकार समेत प्रदान गरेको छ । संविधानले दिएको अधिकार र जिम्मेवारीलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विस्तृतरुपमा स्पष्ट पारेको छ ।

**स्थानीय सरकारको राजस्व अधिकार :-**

नेपालकोसंविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी गरिएको प्रावधानहरू :

**८.१. संवैधानिक व्यवस्था :-**

नेपालको संविधान २०७२ को अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय सरकारलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- घर जग्गा वहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर

- सेवा शुल्क, दस्तुर
-पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)।(
- दण्ड जरिवाना
- मनोरञ्जन कर
-प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

**८.२. राजस्व अधिकार सम्बन्धि स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था :-**

**८.२.१. *गाँउपालिका वा नगरपालिकाको एकल अधिकार:***

**१) कर राजस्व तर्फ :-**

**(क) सम्पत्ति कर :**

स्थानीय सरकार सञ्चालन ऐनमा *"गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउने छ। सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाउने र बाँकी जग्गा र घर नभएको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछ।"* भनि उल्लेख गरेको छ।

सम्पत्ति कर मुल्याङ्कन गर्दा घर र जग्गाको आकार, प्रकार, बनौट र उपयोग (आवाशीय वा व्यापारिक) को आधारमा चलनचल्तीको मूल्य र घरको ह्रास कट्टि मूल्य समेत समावेश गरी गर्नुपर्ने व्यवस्था गरेको छ। साथै सम्पत्ति कर निर्धारण गर्दा नागरिकको जीवनस्तर र तिर्नसक्ने क्षमता समेतलाई ध्यान दिनुपर्ने व्यवस्थ गरेको छ।

**(ख)भूमि कर (मालपोत):**

आफ्नो क्षेत्रभित्रकोजग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने व्यवस्था रहेको।

**(ग) घर जग्गा बहाल कर:**

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा।

**(घ) व्यवसाय कर:**

पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा।

**(ङ) सवारी कर:**

टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा।

**(च) जडिबुटी, कवाडी र जीवजन्तु कर:**

आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत।

**२) शुल्क तर्फ :**

**(क) बहाल बिटौरी शुल्क:**

आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामाबनेका संरचनाको उपयोग बापत ।

**(ख) पार्किङ्शुल्क:**

आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**(ग) सेवा शुल्क :**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनैविषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्वन्धी कुनै सेवा शुल्क ।

**३) दस्तुर :**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर: -
- एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खननतथा उपयोग ।
- नक्सा पास दस्तुर ।
- पञ्जीकरण व्यवस्थापन दस्तुर ।
- वडामार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर ।

**४) बिक्री गर्न सक्ने :**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा,जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीवाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**५) सामुदायिक वनबाट आय प्राप्त गर्ने :**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्ययोजना वनाई गाउँपालिका तथा नगरपालिकावाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्वन्धीत गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**८.२.२.प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद-३, दफा ११ मा उल्लेख गरिएका स्थानीय तहको राजस्व अधिकार अन्तर्गत पर्ने अन्य विषयहरू :**

- स्थानीय पूर्वाधार तथा सेवाको सेवाको शुल्क निर्धारण र संकलन - दफा ११, घ (२)
- विभिन्न पर्यटकीय तथा साहसिक खेलको शुल्क । - दफा ११, घ (३)
- जडिबुटी, कवाडी र जीवजन्तु कर निर्धारण र संकलन । दफा ११, घ (४)
- स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोकको सेवा शुल्क निर्धारण । दफा ११, ञ (७)
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी । -
- खनिज पदार्थको उत्खनन् रोयल्टी ।
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ।
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन रोयल्टी ।
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ।
- पानी घट्ट, कूलो पैनी जस्ता सेवाबाट रोयल्टी ।
- खानेपानी महसुल ।
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ।
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन ।
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाकोदर्ता, संचालन अनुमति । ( स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय सरकारका पत्रपत्रिकाको दर्ता ।

**८.२.३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था :-**

नेपालको संविधान, २०७२ ले प्रदेश र स्थानीय तहको अधिकार दुवैमा समावेश गरेका सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर र घरजग्गा रजिष्ट्रेशन शुल्कको कर प्रशासन, व्यवस्थापन र सङ्कलनलाई सहज बनाउन **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा एकल कर प्रशासन सम्बन्धि व्यवस्था गरेको छ ।**

**(क) एकल कर प्रशासन: (अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, दफा-५)**

(१) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा वारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने।

(२) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(३) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने।

(४) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने।

माथिको (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(५) प्रदेशलेसवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएकोरकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय रकारलाई बाँडफाँड गरीने।

आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँड गर्ने ।

- प्रदेशलेमासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कवाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोपमा जम्मा हुने
  - आयोगले निर्धारण गरेकोआधार र ढाँचा बमोजिम बाँडफाँड हुने।
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने।
  - प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिकश्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय सरकारलाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने।

**(ग) अनुदान**

- ***वित्तीय समानीकरण अनुदान:*** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त ।
- ***सशर्त अनुदान:*** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने।
- ***समपूरक अनुदान:*** पूर्वाधार विकास सम्वन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने।
- ***विशेष अनुदान:*** कुनै खास उद्देश्य र योजनाकोलागि संघ र प्रदेशबाट ।

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने।
- नेपाल सरकारकोसहमति लिएर मात्र वित्त आयोगलेसिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

**९. संविधान र संघीय कानुन बमोजिम प्राप्त अधिकार अन्तर्गत मध्यपुर थिमि नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था :-**

माथि उल्लिखित राजस्व अधिकार सम्वन्धी कानूनी आधारमा यस नगरपालिकाको सम्भाव्य आय शिर्पकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ । यसअन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शिर्पकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ :-

| क्र.सं. | आय शिर्षक | सम्भावना | कर निर्धारण | कर सङ्कलन |
|---|---|---|---|---|
| *कर तर्फ :-* | | | | |
| १. | सम्पत्ति कर | भएको | भएको | भएको |
| २. | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| ३. | घर बहाल कर | भएको | भएको | भएको |
| ४. | विज्ञापन कर | भएको | भएको | भएको |
| ५. | मनोरञ्जन कर | भएको | भएको | भएको |
| ६. | सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा, इ-रिक्सा) | भएको | भएको | नभएको |
| ७. | जडिबुटि, जीवजन्तु र कवाडी कर | भएको | भएको | नभएको |

| गैर कर तर्फ :- | | | | |
|---|---|---|---|---|
| १. | पर्यटन शुल्क | भएको | भएको | नभएको |
| २. | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| ३. | दण्ड जरिवाना | भएको | भएको | भएको |
| ४. | सिफारिस तथा बक्सौनी दस्तुर | भएको | भएको | भएको |
| ५. | गिट्टि, ढुङ्गा, बालुवा, दहत्तर बहत्तर शुल्क | नभएको | नभएको | नभएको |
| ६. | फोहरमैला व्यवस्थपन शुल्क | नभएको | नभएको | नभएको |
| ७. | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ८. | अन्य प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ९. | बहाल बिटौरी शुल्क | भएको | भएको | नभएको |
| १०. | स्थानीय पत्रपत्रिकाको दर्ता | नभएको | नभएको | नभएको |
| ११. | सामुदायिक बनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी | नभएको | नभएको | नभएको |
| १२. | अचल सम्पत्ति वा अन्य कुनै विषयको मुल्यांकन शुल्क | भएको | भएको | भएको |
| १३. | नक्सा पास दस्तुर | भएको | भएको | भएको |
| १४. | एफएम रेडियो संचालन, घ बर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीयस्तरका व्यापाकि फर्म,सहकारी, आदि अनुमति दस्तुर | भएको | भएको | भएको( घ वर्गको इजाजत, विद्यालय स्थापना, फर्म, सहकारी) |
| १५. | ईन्टरनेट सेवा, टेलिसेन्टर, केवल, ताररहित टेलिभिजन प्रसारण अनुमति, नविकरण | नभएको | नभएको | नभएको |

**१०. मध्यपुर थिमि नगरपालिकाको आन्तरिक आयको प्रमुख क्षेत्र, विद्यमान समस्या र सम्भावनाको विश्लेषण**

**(क) कर तर्फ**

**(१) सम्पत्ति कर तथा भूमि कर (मालपोत) :-**

- यस नगरपालिकाको आर्थिक ऐनमा विभिन्न अनुसूचीहरुमा उल्लेखित दरमा सम्पत्तिकर लाग्ने व्यवस्था गरेको छ । कर प्रयोजनको लागि जग्गाको मूल्याङ्कन गर्दा भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरले रजिस्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम् मूल्याङ्कन रकमलाई नै आधार मानिने व्यवस्था रहेको छ ।
- मध्यपुर थिमि नगरपालिकामा आ.व.२०७४/०७५ सम्म घरजग्गा कर र आ.ब. २०७५/०७६ देखि सम्पत्ति कर लागु गरेको हो । सो भन्दा अगाडी घरजग्गा कर प्रणाली लागु थियो ।
- घरको मुल्यांकनको लागि काँचो ईटाबाट बनेको घर प्रति वर्ग फिट रु.३७५, भित्र काँचो बाहिर पाको ईटा रु. ५००, भित्र बाहिर पाको ईटाले बनेको घरको रु. ५००, वाल सिस्टमको घरको रु. ७५० र आरसिसि स्ट्रक्चरको घरको रु.१००० प्रति वर्ग फुटको दरले मुल्यांकन गर्ने व्यवस्थ भएको छ ।
- यस नगरपालिकाको आर्थिक ऐनमा सम्पत्ति कर निर्धारणमा सम्पत्तिको मुल्य (घर र जग्गा दुवैको मुल्यांकनको जोड) अनुसार फरक फरक दरहरु तोकिएका छन् । जसमा रू.५ लाख रुपैयासम्म मुल्यांकन भएको सम्पत्तिमा रु.१००, त्यस्तै प्रकारले विभिन्न ३० वटा मुल्य समुहको व्यवस्था रहेको छ । अधिकतम रु. ५ करोड सम्म मुल्यांकन भएको सम्पत्तिमा रु. ९५,००० करको दर तोकिएको छ । रु. ५ करोड भन्दा माथिको सम्पत्तिमा ०.२ प्रतिशत सम्पत्ति कर तोकिएको छ ।



स्थानीय ... मध्यपुर थिमि ... २०७४

CamScanner

- जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकामा जम्मा घर संख्या १७६३९ रहेको देखिन्छ ।
- यस नगरपालिकाको हालसम्मको अभिलेख अनुसार आ.व. २०७८/०७९ मा १३४४८ जनाले सम्पत्ति/भूमि कर तिरेको देखिन्छ ।

- जनगणना अनुसार घरधुरी सङ्ख्या १७६३९ रहेको र सम्पत्ति कर भूमिकर तिर्नेको संख्या गत आ.व.मा १३४४८ रहेको देखिएकोले ४,१९१ घरधुरी अझै करको दायराभन्दा बाहिर रहेको देखिन्छ ।

**आ.ब, २०७५/०७६ देखि/चालु आ.ब.को पहिलो चौमासिव अवधिसम्म सम्पत्ति कर/भूमि कर तिर्नेको संख्यात्मक विवरण :-**

| क्र.सं. | आर्थिक बर्ष | संख्या | कैफियत |
|---|---|---|---|
| १ | २०७५ ०७६ | ११८५८ | |
| २. | २०७६/०७७ | ११३२७ | |
| ३. | २०७७/०७८ | ११९८१ | |
| ४. | २०७८/०७९ | १३४४८ | |
| ५. | २०७९/०८० | ७०७० | २०७९ कात्तिकसम्मको । |
| *चालु आ.ब.को पहिलो चौमासिकमा सम्पत्ति कर तथा भूमिकर तिर्ने करदाताको सङ्ख्या गत आ.ब.को जम्मा सङ्ख्याको ५२.५७ प्रतिशत रहेको छ ।* | | | |

- चालु आ.ब.मा सम्पत्ति करबाट ६ करोड र भूमिकर वाट १८ लाख राजस्व संकलन हुने अनुमान गरिएकोमा पहिलो चौमासिकसम्म सम्पत्ति करबाट रू. २,०२,८५,४७२।- संकलन भएको छ जुन लक्ष्यको ३३.८०९%हो भने भूमिकर वाट रू. ६,०५,४८९।- राजस्व संकलन भएको छ लक्ष्यको ३३.८६ %हो ।

- हालसम्मको प्रगति अनुसार चालु आ.व.मा सम्पत्ति कर तथा भूमिकर दुबैको सकलन लक्ष्य पूरा हुने देखिएको छ ।

**समस्याहरू:-**

- सम्पत्ति करको दायरामा यस नगरपालिकामा घर, टहरा भएका सबै करदातालाई समेटन नसकिएको ।
- हालसम्म नगरपालिकाभित्र कुन प्रकृतिका कति घर, टहरा र भौतिक संरचनाहरू निर्माण भएका छन् भन्ने तथ्याङ्क संकलन नभएको ।
- वडा नं. ४,५,६,७,८ र ९ मा परम्परागत बस्ती तथा पुराना घरहरुको वाहुल्यता रहेको देखिन्छ । तथ्याङ्कमा घरधुरीको संख्या बढि देखिएता पनि परम्परागत वस्तीको जग्गाको मुल्यांकन दर अत्यन्त न्यून रहेको र पुराना घरहरुको मूल्यांकलन दर पनि न्यून रहेकोले कर मुल्यांकन अत्यन्त न्यून हुने तर सो क्षेत्र साँस्कृतिक र पुरातात्विक महत्वको क्षेत्रको रुपमा रहेको हुँदा सो क्षेत्रमा पर्यटकीय सुविधा सम्पन्न होटल, लज, रेष्टुरेन्ट, होमस्टे शौचालय लगायतका पूर्वाधारहरूको विकासको लागि स्थानीयबासी तथा लगानीकर्ताहरूलाई लगानी गर्न अभिप्रेरित गरी यी क्षेत्रलाई आन्तरिक तथा विदेशी पर्यटकीय गन्तव्यको रुपमा अगाडी बढाई नगरबासीको रोजगारी तथा आय र नगरपालिकाको राजस्वमा समेत अभिवृद्धि गर्न सकिने ।
- नियमित रुपमा हरेक बर्ष सम्पत्ति कर तिर्ने करदाताको संख्या न्यून रहेको । आफूलाई आवश्यक पर्दा सम्पत्ति कर तिर्ने अन्यथा नतिर्ने करदाताको संख्या धेरै देखिन्छ ।
- कतिपय ठुला व्यावसायिक प्रकृतिका भवनहरूले हालसम्म सम्पत्ति कर तिरेको देखिदैन ।
- करदाता सचेतनाको कमी देखिएको । सम्पत्ति कर तिर्दा आफ्नो सम्पत्तिको कानुनी मुल्यांकन हुने, धितो राखी बैक तथा वित्तिय संस्थाबाट कर्जा लिन सकिने, बैदेशिक प्रयोजनको लागि सम्पत्ति र स्रोत देखाउन सकिने जस्ता कुराहरुबारे सर्वसाधारणलाई जानकारीको कमी देखिन्छ ।

- सूचना प्रविधिको विकाससँगै सबै काम अनलाइन माध्यमबाट गर्न नागरिकहरु अभ्यस्त भईरहेको सन्दर्भमा सम्पत्ति कर भूमि कर पनि अनलाईन मार्फत तिर्ने सुविधा होस् भन्ने आम सेवाग्राही करदाताको चाहना देखिएकोले यथाशिघ्र यस नगरपालिकामा पनि मोबाईल वा कम्प्युटर मार्फत अनलाइनबाटै सम्पत्ति कर भूमिकर कति तिर्नुपर्ने हो सो विवरण हेर्न सकिने र अनलाईनबाटै कर तिर्न सकिने प्रविधिको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**(२) घरबहाल कर :-**

- मध्यपुर थिमि नगरपालिकाको राजस्वको प्रमुख स्रोतको रुपमा रहेको तर सम्भावना अनुरुप संकलन गर्न नसकिएको कर घरबहाल कर पनि हो ।
- नेपालको संविधान २०७२ को अनुसुची अनुसूची-८ ले घरबहाल करलाई स्थानीय तहको एकल अधिकार सूचीमा समावेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ मा ***"घर जग्गा बहाल कर गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारिज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाऊँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने छ ।"*** भनि उल्लेख भएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि आ.ब. २०७५/०७६ देखि घर बहाल कर शत प्रतिशत रुपमा मध्यपुर थिमि नगरपालिकाले उठाउने अभ्यासको शुरुवात भएको हो । सो भन्दा अगाडि आ.ब. २०७४/०७५ सम्म साविक स्थानीय स्वायत्त शासन ऐन र नियमावली बमोजिम २ प्रतिशत मात्रै बहालकर उठाउने अधिकार स्थानीय निकायलाई प्राप्त थियो । बहाल करको दर समेत स्थानीय निकाय आफैले तोक्ने र उठाउने अधिकार पाए सँगै यस नगरपालिकामा बहाल करको दर १० प्रतिशत निर्धारण गरिएको छ ।
- पछिल्ला वर्षहरूमा यस नगरपालिकाको आन्तरिक आयको प्रमुख स्रोतको रूपमा घरबहाल कर स्थापित हुँदै गएको देखिन्छ । आ.ब. २०७५/०७६ देखि हालसम्मको तथ्याङ्क विश्लेषण गर्दा प्रगति उत्साहजनक नै देखिन्छ । पछिल्लो पाँच वर्षको अवधिमा आ.व. ***२०७५/०७६ को तुलनामा आ.ब. २०७८/०७९ मा बहाल कर तिर्ने करदाताको सङ्ख्या १२३.२० प्रतिशतले तथा बहाल कर राजस्वमा २३९.०२ प्रतिशतले बृद्धि भएको देखिन्छ ।***

**मध्यपुर थिमि नगरपालिकाकोघरबहाल कर संकलनको अवस्था :-**

| क्र.सं. | आर्थिक बर्ष | संख्या | संकलित कर रकम | कैफियत |
|---|---|---|---|---|
| १. | २०७५/०७६ | १०८२ | १,५८,०८,०३६ | |
| २. | २०७६/०७७ | १६९७ | २,६२,१०,९०७.६१ | ६५.८१ प्रतिशतले वृद्धि । |
| ३. | २०७७/०७८ | १९२८ | ३,७४,६९,६१०.४३ | ४२.९५ प्रतिशतले वृद्धि । |
| ४. | २०७८/०७९ | २४१५ | ५,३५,९२,५२१.१३ | ३०.०४ प्रतिशतले वृद्धि । |
| ५. | २०७९/०८० | ११६१ | २,१२,६१,१२३.८८ | पहिलो चौमासिक सम्म । |
| *चालु आ.व.को पहिलो चौमासिकमा घरबहाल कर तिर्ने करदाताको सङ्ख्या गत आ.ब.को जम्मा सङ्ख्याको ४८.०७ प्रतिशत रहेको छ ।* | | | | |

- चालु आ.व.मा ६ करोड घरबहाल कर संकलन हुने अनुमान गरिएकोमा पहिलो चौमासिक सम्ममा लक्ष्यको तुलनामा ३५.४४ % प्रतिशत बहाल कर संकलन भएको छ ।
- यस आंकडा अनुसार चालु आ.व.मा घरबहाल कर संकलनको लक्ष्य पूरा हुने देखिन्छ ।

मध्यपुर थिमि नगरपालिका

**घरबहाल करमा रहेका समस्याहरू :-**

- तिब्र सहरीकरण भई रहेको यस नगरपालिकामा घरबहाल करबाट प्रचुर मात्रमा राजस्व संकलन गर्न सकिने सम्भावना भएको तर अझै पनि वहाल आम्दानी गरिरहेका धेरै घर तथा जग्गा धनीहरूलाई करको दायरामा ल्याउन नसकिएको ।
- घर बहाल कर स्वःघोषणा तथा बहाल सम्झौताको आधारमा उठाउने व्यवस्था यस नगरपालिकाको आर्थिक ऐनले गरेको छ । तर स्वःघोषणा गर्दा र बहाल सम्झौता बनाउँदा कर छल्ने वा कम तिर्ने मनसायले वास्तविक र प्रचलित बहाल रकम भन्दा कम दरमा सम्झौता बनाउने गरेको देखिन्छ । एउटै स्थानमा भएका घरहरुको पनि सम्झौतामा उल्लेखित बहाल रकममा धेरै फरक पर्ने गरेको देखिन्छ ।
- वहाल सम्झौतापत्र बनाउने कुनै स्पष्ट मापदण्ड र ढाँचा नहुँदा मनलाग्दो किसिमले सम्झौता बनाउने र पेश गर्ने गरेको देखिन्छ । कतिपय सम्झौता भविष्यपरक ढङ्गले नवनाउने, धेरै वर्षसम्म समान भाडा दर राखेर बनाउने, निश्चित अवधिमा के कति वृद्धि हुने हो सो कुरा उल्लेख नगर्ने जस्ता समस्या देखिएको छ ।
- वहाल आम्दानी गरिरहेका सम्पत्ति धनीहरूको कुनै तथ्यांक र लगत संकलन गर्ने कार्य नभएको कारणले गर्दा सबै सम्भाव्य करदातालाई करको दायरामा ल्याउन नसकिएको ।
- आफूलाई काम पर्दा वा कतै आय विवरण पेश गर्नुपर्दा मात्र वहाल कर तिर्ने नत्र नतिर्ने प्रवृत्ति रहेको ।
- आवाशीय प्रयोजनका लागि बहालमा लगाईका घरधनीहरुबाट बहाल कर संकलन अत्यन्त न्यून मात्रामा हुने गरेको । हाल संकलन भईरहेको वहाल करको अधिकांश हिस्सा व्यवसायिक प्रयोजनको लागि बहालमा लगाईएका सम्पत्ति धनीहरूबाट मात्र उठ्ने गरेको देखिन्छ ।
- यस नगरपालिकामा घरबहाल करको दर आवाशीय प्रयोजन र व्यवसायिक प्रयोजन, साना-ठुला र धेरै बहाल आम्दानी भएका र थोरै वहाल आम्दानी भएका सबैलाई एउटै समान दर १० प्रतिशत तोकिएको छ । यसले गर्दा साना प्रकृतिका, थोरै आम्दानी भएका र आवाशीय प्रयोजनबाट वहाल आम्दानी गरिरहेका सम्पत्तिधनीहरुलाई कर तिर्न उत्साहित र अभिप्रेरित गर्न नसकिएको ।
- करदातामा कर सचेतनाको कमी रहेको । बहाल कर तिर्दा आफुले आर्जन गरेको आयले वैधानिकता प्राप्त गर्ने, कानुनी रुपमा आयस्रोत प्रमाणित हुने जस्ता कुराहरूको वारेमा ज्ञान र चेतना नहुँदा स्वेच्छिक रुपमा बहाल कर तिर्नेको संख्या न्यून देखिएको ।

**सुझावहरू :-**

- वडागत रूपमा बहालमा लगाईएका घर तथा जग्गाहरूको यथार्थ विवरण सङ्कलन गर्नुपर्ने ।
- घरवहाल करमा वहुदर प्रणाली लागु गर्नुपर्ने । व्यावसायिक प्रयोजनको लागि बहालमा लगाईएको जग्गा र संरचनामा १० प्रतिशत र आवाशीय प्रयोजनको लागि बहालमा लगाईएका घरहरूमा ५-७ प्रतिशतको बहाल करको दर तोक्नु उपयुक्त हुने । यसले आवाशीय प्रयोजनको लागि वहालमा लगाएर आय गरिरहेका धेरै घरधनीहरू कर तिर्न उत्प्रेरित हुने देखिन्छ ।
- मुख्य व्यापारिक क्षेत्र (अरनिको राजमार्गसँग जोडिएका), व्यापारिक क्षेत्र (अन्य सहायक सडकसँग जोडिएका), परम्परागत आवाशीय क्षेत्र गरी विभिन्न क्षेत्र तोकि ति क्षेत्रहरूमा न्यूनतम मासिक बहाल रकम तोकिदिने । यस पद्धतिबाट घरवहाल कर सङ्कलन गर्दा न्यूनतम मासिक बहाल रकम र घर बहाल सम्झौतामा उल्लेखित मासिक बहाल रकममा जुन बढि हुन्छ सोही दरमा बहाल कर असूल गर्ने व्यवस्था गर्न उपयुक्त हुने ।
- घरवहाल करको नमुना ढाँचा विकास गरी सम्झौतामा अनिवार्य रूपमा खुलाउनु पर्ने न्यूनतम कुराहरू निर्धारण गर्ने ।
- अनलाईन प्रविधिको माध्यमबाट सजिलै घरवहाल कर तिर्ने व्यवस्था गर्ने ।
- घरवहाल करको विवरण रजिष्टरमा प्रविष्टि गर्ने, प्रत्येक करदातालाई घर बहाल कर पुस्तिका उपलब्ध गराई कर तिरिसकेपछि उक्त पुस्तिकामा समेत विवरण अद्यावधिक र प्रमाणित गर्ने व्यवस्था गर्न सकिने
- घरवहाल कर निर्देशिका बनाउनु पर्ने ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

(३) व्यवसाय कर :

- यस नगरपालिकाको स्थापनाकाल देखिनै नगरपालिका क्षेत्रभित्र सञ्चालित विभिन्न उद्योग, व्यापार, व्यवसाय, पेशा आदीको व्यवसाय दर्ता गरी व्यवसाय कर उठाउदै आएको देखिन्छ ।
- यस नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ४ मा "यस नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाईने र असुल गरिनेछ भनि उल्लेख भएको छ ।
- व्यवसाय करको दायरा विस्तार गर्न विनाशकारी भूकम्प पछिको आर्थिक वर्ष २०७४/०७५ लाई आधार वर्ष मानिने र उक्त आर्थिक वर्ष भन्दा अगाडिको व्यवसाय कर छुट दिईने छ तर करदाताले स्वः घोषणा गरी कर दाखिला गर्न चाहेमा सोही अनुसार हुनेछ व्यवस्था समेत गरेको छ ।
- व्यवसाय करको दर र दायरा विस्तार गर्ने क्रममा आर्थिक ऐन, २०७९ मा अघिल्लो ५ वर्ष र सो भन्दा अगाडीदेखि वृद्धि नभएको करका दरहरूमा वृद्धि र हेरफेर गरिएको र थप नयाँ व्यवसायका शिर्षक, श्रेणी र करको दर समेत थप गरिएको
- स्थापना कालदेखि आ.व. २०७४/०७५ को केही महिनासम्म नयाँ व्यवसाय दर्ता राजस्व शाखामा मात्र हुने व्यवस्था रहेकोमा आ.व. २०७४/०७५ देखि सम्वन्धित वडा कार्यालयमा नैं दर्ता गर्ने व्यवस्था भएको ।
- नगरपालिकामा दर्ता रहेको व्यवसायहरू राजस्व शाखाबाट र वडा कार्यालयमा दर्ता भएका व्यवसायहरू सम्वन्धित वडा कार्यालयवाटै नविकरण गर्ने व्यवस्था रहेको ।

- **राजस्व शाखा तथा वडा कार्यालयमा रहेको अभिलेख अनुसार शुरू देखि चालु आ.ब. २०७९/०८० को पहिलो चौमासिकसम्ममा दर्ता भएको व्यवसायहरूका सङ्ख्या :-**

| सि.नं. | व्यवसाय दर्ता रहेको शाखा/वडा कार्यालय | दर्ता भएका व्यवसायको संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १, लोहकन्थली | ६४९ | |
| २ | वडा नं. २ जातिगाल | ३०७ | |
| ३ | वडा नं. ३ कौशलटार | ११३५ | |
| ४ | वडा नं. ४ वालकुमारी | २९७ | |
| ५ | वडा नं. ५ | २३४ | |
| ६ | वडा नं. ६ वाहाखा वजार | ३०६ | |
| ७ | वडा नं. ७ नगदेश | २५४ | |
| ८ | वडा नं. ८ बोडे | २०३ | |
| ९ | वडा नं. ९ बोडे | ३५८ | |
| १० | राजस्व शाखा | २,३१० | |
| | जम्मा :- | ६,०५३ | |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

**व्यवसाय कर(नयाँ दर्ता तथा पुरानो नविकरण समेत) तिर्नेको संख्यात्मक विवरण :-**

| क्र.सं. | आर्थिक बर्ष | संख्या | कैफियत |
|---|---|---|---|
| १ | २०७५/०७६ | ९४९ | |
| २ | २०७६/०७७ | १५७३ | ६५.७५ प्रतिशतले वृद्धि |
| ३ | २०७७/०७८ | १८६४ | १८.५० प्रतिशतले वृद्धि |
| ४ | २०७८/०७९ | २१३७ | १४.६५ प्रतिशतले वृद्धि |
| ५ | २०७९/०८० | १३१५ | २०७९ कात्तिक मसान्तसम्म । |

*चालु आ.व.को पहिलो चौमासिकमा व्यवसाय कर तिर्ने करदाताको सङ्ख्या गत आ.व.को जम्मा सङ्ख्याको ६१.५३ प्रतिशत रहेको छ ।*

- चालु आ.व.मा व्यवसाय कर शिर्षकवाट १ करोड ४० लाख राजस्व संकलन हुने अनुमान गरिएकोमा पहिलो चौमासिक अवधिसम्ममा ६८,१३,६४०/- रुपैया राजस्व संकलन भएको छ, जुन वार्षिक लक्ष्यको ५१.३३ प्रतिशत हुन आउँछ ।

- चालु आ.व.मा यहिं दरमा व्यवसाय कर संकलन भएमा सजिलै लक्ष्य पुरा हुने देखिन्छ भने नगरपालिकाले माघ १५ देखि व्यवसाय दर्ता अभियान समेत संचालन गर्ने निर्णय गरिसकेको सन्दर्भमा यो आ.व.मा तोकिएको लक्ष्यभन्दा बढि व्यवसाय कर संकलन हुने आंकलन गर्न सकिन्छ ।

**व्यवसाय करमा रहेको समस्याहरू :-**

- नगरपालिकाभरी र प्रत्येक वडा कार्यलयमा कुन प्रकृतिका कति उद्योग, पसल, व्यवसायहरू सञ्चालनमा रहेका छन् भन्ने कुनै अभिलेख नभएको ।
- पहिलेनै सञ्चालनमा रहेका धेरै व्यवसायहरू (दर्ता नभएका) व्यवसाय करको दायरा बाहिर रहेको देखिन्छ । तत्कालिन समयमा आन्तरिक राजस्व कार्यालयमा प्यान नम्वर लिन नगरपालिकामा दर्ता नखोजिने भएकोले ।
- अचेल व्यवसाय दर्ताको लागि आउने धेरै जसो व्यवसायहरू ।
- संस्थागत र ठुला प्रकृतिका अधिकांश व्यवसायहरू दर्ताको लागि आउने गरेको तर एकलौटी र साना प्रकृतिका धेरै पसल व्यवसायहरू दर्ता नभएको देखिन्छ ।
- नयाँ व्यवसाय दर्तामा नगरपालिका/वडा कार्यालयबाट विशेष पहलको कमी देखिएको । स्वेच्छिक रुपमा दर्ता गर्न आएका व्यवसायहरू मात्र दर्ता हुने गरेको ।
- दर्त भएका अधिकांश व्यवसायह समेत नियमित रुपमा नविकरण नगर्ने प्रवृत्ति धेरै देखिएको, दर्ता भएको तर १० औं वर्षसम्म पनि नविकरण नभएका व्यवसायहरुको संख्या उल्लेख्य रहेको देखिएकोले यस्ता व्यवसायहरुको एकिकृत अभिलेख तयार गरी विशेष सुविधा र सहुलियत सहित नविकरण गर्न प्रोत्साहित गर्ने ।
- कतिपय दर्ता भएका पुराना व्यवसायहरु बन्द भईसकेको र हाल सञ्चालनमा नरहेका देखिन्छन् । त्यस्ता व्यवसायहरुलाई निश्चित अवधि तोकि सूचना प्रकाशन गरी दर्ता खारेजी (बन्द) गर्न आहवान गर्ने ।
- व्यवसाय करका सम्बन्धमा संविधानमा उल्लेख भएको र स्थानीय सरकार सञ्चालन ऐनमा केहीं प्रावधान उल्लेख भएको र सोही वमोजिम नगरपालिकाले आर्थिक ऐनमा व्यवस्था भएको तर सो वाहेक अन्य कुनै कार्यविधिगत र निर्देशनात्मक दस्तावेज नभएकोले कतिपय विषयहरूमा अन्यौल र अस्पष्टता देखिएको ।
- संघीय सरकार अन्तर्गतका कम्पनी रजिष्ट्रारको कार्यालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजस्व कार्यालय आदि विभिन्न निकायहरू विद्यमान रहेको र ती निकायमा दर्ता/अनुमति लिईसकेपछि फेरी नगरपालिकामा दर्ता किन गर्नु पर्ने ? भन्ने जिज्ञासा/अवधारणा/गुनासो धेरैजसो करदाता व्यवसायिहरूमा रहेको देखिन्छ ।

सुझावहरू :-

- नगरपालिकाभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यवसायहरूको विस्तृत विवरण सङ्कलन गर्ने ।
- व्यवसाय दर्ता अभियान तत्काल सञ्चालन गरी हरेक आर्थिक बर्षमा यसलाई निरन्तरता दिने । यस अन्तर्गत नयाँ दर्ता हुन आउने व्यवसायलाई लक्षित गरेर विशेष सुविधा र सहुलियत उपलब्ध गराउने, सरल र सहज तरिकाले शिघ्र व्यवसाय दर्ता गर्न सकिने प्रशासनिक व्यवस्थापन गर्ने ।
- व्यवसाय कर नगरपालिकाको आन्तरिक आयको दिगो स्रोत भएकोले करको दायरामा नआएका सबै व्यवसायलाई अनिवार्य दर्ता गराउने कार्यको लागि वडागत रुपमा व्यवसाय दर्ता अभियान्ताहरूको व्यवस्था गर्ने ।
- दर्ता भएका तर नियमित नविकरण नभएका व्यवसायहरुलाई नविकरण गराउन पहल गर्ने ।
- स्थानीय उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग संघ, चेम्बर अफ कमर्श जस्ता संस्थहरूसँगको समन्वय र सहकार्यमा व्यवसाय दर्ता र नविकरणलाई प्रभावकारी बनाउन सकिने ।
- व्यवसाय करको दरलाई न्यायोचित समतामूलक बनाउने, व्यवसायिको तिर्न सक्ने क्षमता, व्यवसायको प्रकृति, पूंजीगत लगानी र कारोबार समेतलाई ध्यानमा राखेर यस नगरपालिकाका छिमेकी नगरपालिकाहरूले निर्धारण गरेको दरसँग समेत सामञ्जस्य हुने गरी पुनरावलोकन र निर्धारण गर्ने ।
- व्यवसाय करबाट सङ्कलित केहि प्रतिशत रकम करदाता व्यवसायीरूको व्यवसायिक शीप, ज्ञान अभिवृद्धि हुने र हित प्रवर्द्धन हुने कार्यक्रमहरूमा विनियोजन गर्ने । यसबाट व्यवसायिमा कर उत्प्रेरणा अभिवृद्धि हुने ।
- हाल हस्तलिखित रूपमा व्यवसाय दर्ता र नविकरणको अभिलेख राख्ने गरिएकोमा यसलाई सफ्टवयेरमा आवद्ध गरी अनलाइन प्रविधि मार्फत सरल र सहज तरिकाले व्यवसाय दर्ता र नविकरण गर्न सकिने प्रविधि लागु गर्ने ।
- व्यवसाय कर निर्देशिका बनाउनु पर्ने ।

**(४) विज्ञापन कर :-**

- यस नगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ७ मा *"यस नगरपालिका क्षेत्रभित्रहुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ ।तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।"* भनि उल्लेख भएको छ ।
- विज्ञापन कर प्रदेश र स्थानीय तहविच बाँडफाट हुने कर हो । नगरपालिकाले आफैले दर तोक्ने र उठाउने र यसरी उठाएको कर नगरपालिकाले ६० प्रतिशत आफ्नो सञ्चित कोषमा जम्मा गरी बाँकी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।
- आ.व. २०७५/०७६ देखि हालसम्मको अवधिमा विज्ञापन कर दाताको सख्या र संकलित कर रकम यस प्रकार रहेको छ :-

| क्र.सं. | आर्थिक बर्ष | संख्या | संकलित कर रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २०७५/०७६ | ६३२ | ७,३८,६५६.३२ | |
| २ | २०७६/०७७ | ११८७ | १०,८८,४२२.८१ | अघिल्लो आ.ब.को तुलनामा ४७.३५ % ले वृद्धि |
| ३ | २०७७/०७८ | १३२३ | १०,७९,२७४.४९ | अघिल्लो आ.ब.को तुलनामा ०.८४ % ले कम |
| ४ | २०७८/०७९ | १४५३ | २१,१३,१३७.०६ | अघिल्लो आ.ब.को तुलनामा ९५.७९ % ले वृद्धि |
| ५ | २०७९/०८० | ८२९ | १२,३३,४१९ | २०७९ कात्तिक सम्मको । |
| *चालु आ.ब.को पहिलो चौमासिकमा विज्ञापन कर तिर्ने करदाताको सङ्ख्या गत आ.ब.को जम्मा सङ्ख्याको ५७.०५ प्रतिशत रहेको छ ।* | | | | |

- आ.ब. २०७५/०७६ मा ६३२ करदाताबाट जम्मा रु. ७,३८,६५६.३२ विज्ञापन कर सकलन भएकोमा आ.ब. २०७६/०७७ मा ५५५ करदाता थप हुँदा कर रकममा ४७.३५ प्रतिशत वृद्धि भएको देखिन्छ । कोरोना महामारीको कारण भएको

लकडाउन लगायतका कारण आ.व. २०७७/०७८ करदाता संख्या १३६ जनाले वृद्धि हुँदा पनि कर रकमको वृद्धिदर ऋणात्मक रहेको देखिन्छ।

- आ.व. २०७५/०७६ देखि २०७७/०७८ मा विज्ञापन करको दर समान रहेको थियो।
- आ.व. २०७८/०७९ मा विज्ञापन करको दरमा सामान्य वृद्धि हुँदा कर राजस्वमा ९५.७९ प्रतिशतले वृद्धि हुन गयो। जबकी करदाता संख्यामा १३० जना मात्रा थप भएको देखिन्छ।
- यस विश्लेषणले विज्ञापन करको दरमा समयानुकुल परिवर्तन र वृद्धि गर्दै लानु पर्ने देखाएको छ। यो कर व्यापार प्रवर्द्धनात्मक गतिविधिबाट संकलन हुने र यसको करदाता भनेकै विशेष गरी आर्थिक रुपले सबल व्यवसायिक संस्थाहरू रहने देखिएकोले छिमेकी नगरपालिका, महानगरपालिकाको करको दरसँग समामञ्जस्य हुने गरी निर्धारण गर्नुपर्ने देखिन्छ।

**विज्ञापन करको दायरा :-**

- हाल यस नगरपालिकाले संकलन गरको विज्ञापन करको ठुलो हिस्सा अरनिको राजमार्गमा अवस्थित आकाश पूलहरूमा राखिने फ्लेक्स बोर्ड, सोलार बत्तिका पोल र यस नगरपालिकामा दर्ता भएको व्यवसायहरूको साईनबोर्डहरूबाट मात्रै उठ्ने गरको देखिन्छ।
- सो बाहेक पनि नगरपालिका क्षेत्रभित्र सार्वजनिक तथा निजी स्थानहरूमा विभिन्न प्रकृतिका विज्ञापन बोर्डहरू, डिस्प्ले बोर्डहरू, घरका भित्ताहरूमा गरिएका वाल पेन्ट विज्ञापनहरू, पोलहरुमा राखिएका विज्ञापन फ्लेक्सहरू प्रशस्त मात्रमा राखिने गरेको देखिन्छ। जसलाई करको दायरमा ल्याउन सकिएको छैन। यी सबै विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको खण्डमा निश्चयनैं ठुलो परिमाणमा विज्ञापन कर सङ्कलन हुने सम्भावना रहेको छ।

**समस्याहरू :-**

- विज्ञापन(नियमन गर्ने) ऐन, २०७६ मा विज्ञापन होर्डिङ बोर्डहरु राख्ने सम्बन्धित स्थानीय तहको अनुमति लिनुपर्ने स्पष्ट व्यवस्था भएको छ, भने संविधान, ऐन र कानुनले विज्ञापन कर स्थानीय तहले तोक्ने र उठाउने व्यवस्था गरेको छ। तर नगरपालिकाको अनुमति नलिई, कर नतिरि मनपरी तरिकाले विज्ञापन बोर्डहरु राख्ने गरिएको छ। यसले एकातिर यसबाट आउने कर राजस्व गुमिरहेको छ भने अर्को तर्फ सहरी सौन्दर्यलाई कुरुप समेत बनाएको देखिन्छ, तर यसमा निगरानी र नियन्त्रण गर्नेतर्फ नगरपालिकाबाट हालसम्म कुनै पहल हुन नसकेको।
- यस नगरपालिकाको कुन कुन स्थानहरुमा कस्तो र कति साईजको विज्ञापन बोर्डहरु राख्न लगाउने हो भन्ने सम्बन्धमा कुनै स्पष्ट व्यवस्था र निर्देशिका नभएको।

**सुझावहरू:-**

- अरनिको राजमार्गमा विगतमा बतास एशोशियसनसँग गरेको सम्झौताको विस्तृत अध्ययन गरी चालु रहेको सडक बत्ति तथा विज्ञापन बोर्ड, ट्राफिक आईल्याण्ड, सूचना तथा दिशा निर्देश बोर्ड बापत प्राप्त हुनुपर्ने विज्ञापन कर तथा रोयल्टी तत्काल असूल गर्नेगरी अगाडी बढ्नुपर्ने।
- विज्ञापन करको सन्दर्भमा नगरभरीको एकीकृत प्रणालीमा जानेगरी कार्यविधि तयार गरी निजी क्षेत्रसंग सहकार्य गर्न सके हालको भन्दा तिन गुणासम्म बढी राजस्व संकलन गर्न सकिने छ। सो अनुरुप कार्यविधि निर्देशिका बनाई अगाडी बढ्नु पर्ने देखिन्छ।
- यस नगरपालिकाको आर्थिक ऐनको अनुसूची ५ मा उल्लेखित विज्ञापनको प्रकृति र करको दरहरुमा पुनरावलोकन गरी अझै विस्तृत र स्पष्ट रुपमा विज्ञापनको प्रकार र प्रकृति खुलाउने र करको दरमा सामयिक परिमार्जन गर्ने।
- परम्परागत र सांस्कृतिक महत्वको मन्दिर र सम्पदाहरुको वरिपरि कुनै पनि प्रकारका विज्ञापन बोर्डहरु राख्न नदिने नीति लिइनु पर्ने।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०६२

CamScanner

(५) मनोरञ्जन कर :-

- यस नगरपालिकाको आर्थिक ऐन, २०७९ मा "यस नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम मनोरञ्जन कर लगाइने र असुल गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।" भनि उल्लेख गरेको छ।
- मनोरञ्जन कर सिनेमा हल, भिडियोहल, सांस्कृतिक प्रदर्शन हल, थिएटरसगित तथा मनोरन्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा रु ३ प्रतिशत र जादु, सर्कस,चटकआदिमा दैनिक २०००।- लाग्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख छ।
- मनोरञ्जनक कर लाग्ने उपरोक्त क्षेत्रहरु मध्य यस नगरपालिकामा राधेराधे चोकस्थित भाटभटेनीमा रहेको 'रिगल सिनेमाज' बाट मात्र मनोरञ्जन कर सङ्कलन भईरहेको छ।
- आ.व. २०७८/०७९ मा रू. १४,८७,२४५।- मनोरञ्जन कर सङ्कलन भएको छ। चालु आ.व.को हालसम्मको अवधिमा जम्मा रू. ५,०१,८३३।- मनोज्जन कर संकलन भएको देखिन्छ।

मनोरञ्जन करमा रहेको समस्या :-

- यस नगरपालिकाभित्र एक सिनेमा हल बाहेक मनोरञ्जन करको दायरामा ल्याउन सकिने खालका क्षेत्रहरू खासै नभएको देखिन्छ भने सम्भावित क्षेत्रहहरुको खोजी कर संकलनको प्रयास समेत नभएको देखिन्छ।

मनोरञ्जन करको सम्भावनाको खोजी :-

- यस नगरपालिकाको आन्तरिक आयमा मनोरञ्जन करवाट हुन सक्ने वृद्धिको लागि सम्भाव्य क्षेत्रको पहिचान र खोजी गरिनु आवश्यक छ। मनोरञ्जन कर लगाउन सकिने क्षेत्रहरूको सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐन, प्रदेश आर्थिक ऐन र यस नगपालिकाको आर्थिक ऐनमा भएका व्यवस्थाहरु सम्वन्धमा अध्ययनसम्भावनाका क्षेत्रहरु पहिचान गर्न जरूरी छ।

६.जडीबुटी, कवाडी, जीवजन्तु कर :

- यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत प्रतिवर्ष रू.३,०००।- र कवाडी सामानको हकमा वार्षिक रू.१०,०००।- का दरले कर लाग्ने व्यवसथ नगरपालिकाको आर्थिक ऐनमा गरिएको भएतापनि हालसम्म नगरपालिकाले कुनै कर सङ्कलन गर्न सकेको छैन।
- नगरभरी धेरै ठुलुला कवाडी डिपोहरू देखिन्छन्। तिनीहरूको अनुगमन गरी करको दायरामा ल्याउन जरूरी छ।

समस्याहरू तथा सुझावहरू :-

- यस नगरपालिकाको आर्थिक ऐनमा तोकिएको जडीबुटी, कवाडी र जीवजन्तुको कारोवारमा लाग्ने करको दर अन्यन्त न्यून रहेको देखिन्छ।
- कवाडी करमा समावेश हुने हाड, सिङ्ग, छाला लगायत हरेक वस्तुको छुट्टाछुट्टै दर निर्धारण गर्नुपर्ने।
- नगरपालिका आफैंले कवाडी कर संकलन गर्न समय र लागत बढि लाग्ने देखिएकोले आय ठेक्काको माध्यमबाट निजी क्षेत्रलाई यो कर संकलनको जिम्मेवारी दिन सकिने। यसको लागि आवश्यक कानुन र कार्यविधिहरू बनाउनु पर्ने।

(ख) सेवा, शुल्क दस्तुर र जरिवाना तर्फ :-

(१) बहाल विटौरी शुल्क :-

- यस नगरपालिकाको आर्थिक ऐन, २०७९ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा तथा सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति वर्ग फिट मासिक रू. २०।- बहाल विटौरी शुल्क लगाउने व्यवस्थ गरेको छ।

- यस नगरपालिकाले आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका कुनै पनि हाटबजार वा पसल नभएको तथा सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्नेबाट समेत हालसम्म बहाल बिटौरी शुल्क उठाउन सकेको छैन ।
- अव्यवस्थित फुटपाथ पसलहरूलाई कुनै निश्चित स्थान तोकेर त्यस बापत बहाल बिटौरी शुल्क उठाउन सकिने, उनीहरुका व्यवसायको प्रकृति अनुसार व्यवसाय कर समेत असूल गरी करको दायरामा ल्याउन सकिने सम्भावना रहेको देखिन्छ ।

(२) पार्किङ्ग शुल्क :-

- संविधान र कानूनले पार्किङ्ग शुल्क लगाउने र उठाउने अधिकार दिएको भएता पनि मध्यपुर थिमि नगरपालिकाले हालसम्म यस स्रोतबाट कुनै राजस्व सङ्कलन गर्न सकेको छैन ।
- यस नगरपालिकाको आर्थिक ऐन, २०७९ मा निम्नानुसार पार्किङ्ग शुल्क निर्धारण गरेको छ :-

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी पार्किङ्ग शुल्क (प्रति दुई घण्टा)**

| सवारी पार्किङ्ग शुल्क | | शुल्क |
|---|---|---|
| १ | बसट्रक | रू. २५।- |
| २ | मिनीबस, मिनिट्रक | रू. १५।- |
| ३ | कार, जिप, ट्याक्टर, माइक्रो,ट्याक्सी | रू. १०।- |
| ४ | मोटरसाईकल, स्कुटर आदि | रू. ५।- |

**अनियमित पार्किङ्गको जरिवाना सम्बन्धि व्यवस्था :-**

| | ट्राफिक व्यवस्थापन र अनियमित पार्किङ जरिवाना शुल्क | |
|---|---|---|
| क | दुईपाङ्ग्रे सवारी साधन | १,०००।- |
| ख | हल्का सवारी साधन | ३,०००।- |
| ग | हेभी सवारी साधन | ५,०००।- |
| घ | ठेला गाडा प्रथम पटक | ५००।- |
| | ठेला गाडा दोश्रो पटक | १०००।- |
| | ठेला गाडा तेश्रो पटक | २०००।- |

**समस्याहरू :-**

- धेरै सवारी पार्किङ्ग हुने मुख्य व्यापारिक क्षेत्रहरूमा पार्किङ्गको लागि आवश्यक खुल्ला क्षेत्रको अभाव ।
- हाल मनपरी तरिकाले जथाभावि रुपमा हुने गरेको सवारी साधन पार्किङ्गलाई नियन्त्रण र व्यवस्थापन गर्न सकिएको छैन ।
- अनियमित रुपमा पार्किङ्ग गरिएका सवारी साधनहरूलाई जरिवानाको व्यवस्था आर्थिक ऐनमा भएको तर कार्यान्वयन गर्न नसकिएको अवस्था रहेको छ । हाल फुटपाथ व्यापारिको अनियमित ठेला गाडा बाट मात्र केही जरिवाना संकलन भएको तर अन्य प्रकृतिका सवारी साधनहरूबाट जरिवाना संकलन नभएको ।

सम्भावनाहरू :-

- नगरपालिकाले मुख्य व्यापारिक क्षेत्रहरूमा पार्किङ्ग पूर्वाधारको विकास गरी जथाभावि पार्किङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्न र पार्किङ्ग शुल्क आम्दानी गर्न सकिने ।
- अरनिको राजमार्ग वरिपरिका सडकछेउमा हाल दिनहु सयौको सङ्ख्यामा सवारी साधन पार्किङ्ग हुने गरेको, जथाभावि पार्किङ्ग हुने गरेको, साथै अन्य मूल सडक छेउँमा समेत सोही समस्या देखिएकोले उक्त स्थानहरूमा सवारी आवागमन तथा पैदल यात्रीहरूलाई अवरोध नहुने गरी पार्किङ्गको सुविधा उपलब्ध गराई सडक व्यवस्थापन सँगै पार्किङ्ग शुल्क समेत आम्दानी गर्न सकिने ।
- पार्किङ्ग निशेधित क्षेत्रहरू तोकि ती स्थानहरूमा जथाभावि पार्किङ्ग गर्नेहरूबाट जरिवाना असूल गर्ने ।

३) पर्यटन शुल्क :-

- यस नगरपालिकाको आर्थिक ऐन, २०७९ नगरपालिका क्षेत्रको पुरातात्विक स्मारक क्षेत्रको प्रवेशमा दक्षिण एशियाली बाहेकका विदेशी पर्यटकलाई प्रतिव्यक्ति पर्यटन शुल्क १ अमेरिकी डलर लाग्ने व्यवस्था भएतापनि हालसम्म नगरपालिकाले यस शिर्षकबाट कुनै राजस्व आम्दानी भएको छैन ।

समस्या तथा सम्भावनाहरू :-

- परम्परागत सांस्कृतिक सम्पदा, पुरातात्विक महत्वका मठ मन्दिरहरु, पोखरी, जात्रा पर्वहरूको बाहुल्यता रहेको यस नगरपालिकामा पर्यटन सेवा शुल्कबाट आय आर्जन गर्न सकिने सम्भावना रहेको छ ।
- यहाँका जात्रा पर्व र सम्पदाहरुको बारेमा जानकारीमूलक सामग्रीहरुको विकास गरी नेपाल सरकारका सम्बन्धित निकायहरूको सहयोगमा विश्वभर प्रचारप्रसार गर्न सकिएको खण्डमा बढिभन्दा बढि विदेशी पर्यटकहरु आकर्षित गर्न सकिने सम्भावना रहेको छ ।
- विदेशी पर्यटकका लागि स्तरिय होटल, रेष्टुरेन्ट, होमस्टे तथा लज जस्ता पर्यटकीय पूर्वाधारहरुको अभाव रहेको देखिन्छ । यस सम्बन्धमा नगरपालिकाले स्पष्ट नीति बनाई व्यवसायिहरुलाई पर्यटन पूर्वाधारका क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।
- सांस्कृतिक सम्पदाहरु र परम्परागत क्षेत्रको उचित संरक्षण, सम्वर्धन र सरसफाईमा विशेष ध्यान दिई हेर्नलाएक र घुम्नलाएक क्षेत्रको रुपमा परिणत गरिनु पर्ने ।
- मुख्य पर्वहरू गाईजात्रा, विस्का:जात्रा, थिंला पुन्ही लागायतका सांस्कृतिक झाँकी प्रदर्शन हुने पर्वहरूको व्यापक प्रचार गरी ति समयमा पर्यटक भित्र्याउने अवसरको रूपमा अगाडी बढ्नुपर्ने देखिन्छ ।
- थिमि शंखधर पार्क देखि दुनुगा पार्क हुँदै विष्णु कण्डल, सिद्धिकाली, नगदेश हुँदै वाराही मन्दिर प्राङ्गन चोडे हुँदै दक्षिण वाराही पार्कसम्म पैदल मार्ग सञ्चालन गरी आन्तरिक पर्यटन प्रर्वद्धन गरी आयमा वृद्धि गर्न सकिने ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(क) नक्सा पास दस्तुर :-

- यस नगरपालिकाको आर्थिक ऐन २०७९ मा व्यवस्था भएको नक्सा पास दस्तुर र नियमित दस्तुर :-

| | | |
|---|---|---|
| **१** | **घर निर्माण/ नक्सा पास दस्तुर (आवाशीय भवन)** | |
| क | सटर भएकोसिमेन्ट जोडाई पिलर सिष्टम घर/टहरा प्रति वर्ग फिट | २०।- |
| ख. | सटर नभएको सिमेन्ट जोडाई पिलर सिष्टम घर/टहरा प्रति वर्ग फिट | १५ |
| ग. | सिमेन्ट जोडाई गारो सिष्टम घर/टहरा प्रति वर्गफिट | १०।- |
| घ. | माटो जोडाई घर/ अस्थायी टहरा प्रति वर्ग फिट | ४।- |
| **२** | **संस्थागत भवन, सरकारी भवन, सार्वजनिक संस्थानको भवन, अर्ध सरकारी भवन, गैर सरकारी भवन,अपार्टमेन्ट, अस्पताल, व्यापारिक भवन आदिका लागि नक्सा पास दस्तुर ।** | |
| क. | सिमेन्ट जोडाई वाल प्रणालीका घर र टहरा | रु २५।- |
| ख. | पिलर प्रणालीका घर टहरा ट्रस छाना भएको घर | रु ३०।- |
| **३** | **नक्सा नियमित दस्तुर (मापदण्ड अनुसार निर्माण भएको तर नक्शा स्विकृति विना निर्माण भएको)** | |
| *३.१* | ***आवाशीय घरको लागि*** | |
| क. | सिमेण्ट जोडाई ईंटाले वनेको (लोड वेयरिङ्ग) घर/टहरा प्रतिवर्ग फिट दस्तुर रु | ३०।- |
| ख. | पिलर सिष्टम (फ्रेम स्टक्चर) घर/टहरा प्रति वर्ग फिट रु | ४५।- |
| ३.२ | **संस्थागत भवन, सरकारी भवन, सार्वजनिक संस्थानको भवन, अर्ध सरकारी भवन, गैर सरकारी भवन,अपार्टमेन्ट, अस्पताल, व्यापारिक भवन आदिका लागि नियमित दस्तुर ।** | |
| क. | सिमेन्ट जोडाई वाल प्रणालीका घर र टहरा | रु ७५।- |
| ख. | पिलर प्रणालीका घर टहरा ट्रस छाना भएको घर | रु ९०।- |

समस्या तथा सुझावहरू :-

- यस नगरपालिकामा नक्सापास सम्वन्धि विभिन्न समस्याहरु रहेका छन् । त्यसलाई ऐन, नियमले मिलेसम्म सम्बोधन गर्नु पर्छ । नक्सा पास द्वारा जनतालाई आफ्नो सम्पत्तिमा कानुनी अधिकार स्थापित हुने भएकोले सरल र सहज प्रक्रियाद्वारा शिघ्र रुपमा नक्सापास हुने व्यवस्था गरिनु पर्छ ।
- चालु आ.व.मा नक्सापास दस्तुरवाट ७ करोड राजस्व उठाउने लक्ष्य लिएको तर पुष मसान्तसम्म १,०२,२८,००४।- राजस्व संकलन भएको छ । जनु लक्ष्यको १४.६१ प्रतिशत मात्र हो । यस आंकडा वाट तोकिएको लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ ।
- कुनै पनि भौतिक संरचना निर्माण गर्न भन्दा पहिला नक्सा पास गर्नु अनिवार्य भएता पनि नक्सा पास नगरी संरचनाहरु निर्माण गर्ने कार्य भईरहेको देखिन्छ । नियमित अनुगमन गरी यस्ता कार्यलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।
- घरको तल्ला, बनौट तथा किसिमका आधारमा नक्सा पास दस्तुरमा विविधिकरण र समानुकुल परिमार्जन गर्नुपर्ने देखिन्छ ।
- नक्सा पास प्रक्रिया यस नगरपालिकाको राजस्वको दृष्टिले मात्र नभई नागरिकको सम्पत्तिको सुरक्षा हुने दृष्टिले समेत महत्वपूर्ण देखिन्छ । मापदण्ड विपरित मनपरि तरिकाले बनाईने संरचना भूकम्प लगायतका प्राकृतिक विपत्तिका बेला जनताको जिउ, धन र सम्पत्तिको नाश गर्ने कारण बन्न सक्ने भएकोले नक्सा पास गरी तोकिएका सबै मापदण्ड पूरा हुने गरी भौतिक संरचना निर्माण गर्नु गराउनु सबैको कर्तव्य हो ।
- नक्सा पास नगरी बनाईएका घर टहराहरूलाई नियमानुसार नक्सा पास गराउने । नक्सा पास गर्न नमाने त्यस्ता संरचना भत्काउने कारवाही गर्ने नीति आवश्यक छ ।



CamScanner

**सम्भावना :-**

- यो वर्ष मापदण्ड अनुरुप निर्माण भएका तर नक्सा पास नगरी निर्माण गरिएका घरहरुको नक्सा नियमितको माध्यमबाट नक्सा पासको प्रक्रियामा ल्याउने र सोबाट समेत गरी ७ करोड राजस्व उठाउने लक्ष्य राखिएको थियो । नक्सा पास नियमितको प्रक्रिया शुरु गर्न अध्ययन गरिरहेको र नक्सा नियमितको काम सुरु भएपछि लक्षित उद्देश्य पुरा हुने सम्भावना रहेको छ । जसको लागि वस्ती विकास नियमावली संशोधनको लागि नगरसभामा पेश भएको छ ।
- राजधानी सहरसँग निकटतम दूरीमा अवस्थित रहेको कारणले आर्थिक, व्यापारिक क्रियाकलाप तथा बसोबासको लागि यस नगरपालिका पछिल्लो समयमा धेरैको रोजाई र प्राथमिकतामा पर्ने देखिएकोले आवाशीय तथा व्यवसायिक प्रयोजनका भवनहरु निर्माणमा तिव्रता आउने सम्भावना रहेको छ । यसबाट प्रशस्त नक्सा पास दस्तुर राजस्व प्राप्त हुने सम्भावना रहेको ।

**(४) अन्य सेवाशुल्क तथा विक्री :-**

- अन्य विक्री अन्तर्गत नक्सा फाराम, सम्पत्ति करको रेकर्ड फाईल विक्रीबाट प्राप्त आय पर्दछन् भने अन्य सेवा शुल्क अन्तर्गत, ढल सरसफाई शुल्क (जेट मेसिन) र विशेष गरी स्वीकृति विनाको प्लटिङ्ग बापत लाग्ने ५ प्रतिशत शुल्कबाट प्राप्त आय पर्दछन् ।
- अन्य सेवाशुल्क तथा विक्री शिर्षकमा अघिल्लो आर्थिक वर्षमा रू. ९९,३०,३१० राजस्व सङ्कलन भएको थियो भने चालु आ.व.को पहिलो चौमासिकमा रू.२४,५७,१६१ राजस्व सङ्कलन भएको छ ।
- अघिल्लो आ.व. मा यस शिर्षकबाट उठेको रू.९९,३०,३१० राजस्व मध्य रू. ६६,१३,८८५।- र चालु आ.व.को पहिलो चौमासिकमा उठेको रू.२४,५७,१६१ मध्ये ११,८८,५८०।- अनियमित प्लानिङ्गको ५ प्रतिशत शुल्क असूलीबाट प्राप्त भएको थियो ।
- अनुगमन समितिबाट अनुगमन गरी अनधिकृत अव्यवस्थित निजी जग्गा विकास कार्य रोकि राजस्वको दायरामा ल्याउने ।
- नगर क्षेत्रभित्र डाजर लगाउन, भू-बनोट परिवर्तन गर्न अनिवार्य नगरपालिकाको स्वीकृति तथा राजस्व तिर्नुपर्ने व्यवस्था गर्ने । जग्गा विकास तथा नक्सा पासमा कडाई तथा सहजीकरण गर्नाले राजस्वमा मात्रै वृद्धि हुने होईन सुन्दर, सुरक्षित, व्यवस्थित आवासको लागि पनि आवश्यक छ । त्यसैले जनतालाई यो विषयमा जानकार गराउन आवश्यक छ ।


**(५) प्रशासनिक दण्ड जरिवाना :- (पहिलो चौमासिक)**

| क.सं. | जरिवानाको स्रोत | जरिवाना तिर्नेको संख्या (पटक) | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नक्सा पास सम्वन्धि जरिवाना (नक्सा शाखा) | ५५ | ५,५०,००० | |
| २. | फुटपाथ व्यापारीहरूबाट (नगर प्रहरी) | १६६ | ८४,५०० | |
| ३. | लेखापरिक्षण विलम्व जरिवाना (सहकारी शाखा) | ९ | २६००० | |
| ४ | अवैद्य वालुवा माटो ढुवानी (प्रशासन शाखा) | २ | ३००० | |
| | जम्मा :- | | ६,६३,५०० | |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

**कर राजस्व र गैर कर राजस्व अनुपात :**

- **कर राजस्व :** कर राजस्व आयको मजबुत, भरपर्दो, अनुमान योग्य र दिर्घकालिन प्रकृतिकोश्रोत हो । यो स्थायी र लामो समयावधिसम्म प्रतिफल दिने राजस्वको दिगो श्रोत भएकोले यसलाई कुनै पनि संस्थाको वित्तिय स्वस्थता(Financial Health)मापणको आधारको रूपमा लिईन्छ । कर राजस्व अन्तर्गत यस नगरपालिकाले उठाउदै आएका सम्पत्ति कर, भूमिकर/मालपोत, बहाल कर, विज्ञापन कर र मनोरञ्जन कर पर्दछन् । आ.व. २०७९/०८० को पहिलो चौमासिकमा मा रू. ५,०२,१७,५४३.९२कर राजस्व संकलन भएको देखिन्छ ।
- **गैर कर राजस्व :**सरकारी निकायबाट कुनै सेवा सुविधा प्रदान गरे बापत सेवाग्राही जनताबाट असूल गरिने अनिवार्य भुक्तानी गैर कर राजस्व हो । गैर कर राजस्व सरकारी निकायबाट उपलब्ध गराईने सेवाको संख्या, परिमाण, समय र लागतको आधारमा निर्धारण र असूल गरिन्छ ।गैर कर राजस्व अस्थिर र अनुमान गर्न कठिन प्रकृतिको राजस्वको श्रोत हो । गैर कर राजस्व अन्तर्गत विभिन्न सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना आदि पर्दछन् । आ.व. २०७९/०८० को पहिलो चौमासिकमा रू. १,१९,६६,४५०.७० गैर कर राजस्व संकलन भएको देखिन्छ ।



**राजस्व सङ्कलनको महिनावारी विवरण** :- २०७९ श्रावण देखि कात्तिक सम्मको

| महिना | सङ्कलित राजस्व | प्रतिशत (संकलित राजस्वको) | कैफियत |
|---|---|---|---|
| श्रावण | १,८९,१९,१६५.०२ | ३०.४२ | |
| भदौ | १,९९,२५,८०९.६१ | ३२.०४ | |
| असोज | १,३८,७८,८९०.३५ | २२.३२ | दशैं विदा |
| कात्तिक | ९४,६०,१२९.६४ | १५.२१ | १० दिन सार्वजनिक विदा परेको । |
| जम्मा :- | ६,२१,८३,९९४.६२ | | |

**व्यवसाय दर्ता विवरण** :- २०७९ श्रावण देखि कात्तिक सम्मको

आ.व. २०७९/०८० को पहिलो चौमासिकमा दर्ता नविकरण र बन्द भएका व्यवसायहरूको विवरण :-

| सि.नं. | व्यवसाय दर्ता रहेको शाखा/वडा कार्यालय | दर्ता भएको संख्या | नविकरण भएको संख्या | बन्द भएको संख्या | |
|---|---|---|---|---|---|
| १ | वडा नं. १, लोहकन्थली | ७७ | १७४ | २ | |
| २ | वडा नं. २ जातिगाल | ८४ | ७७ | ० | |
| ३ | वडा नं. ३ कौशलटार | ९७ | १९३ | ५ | |
| ४ | वडा नं. ४ वालकुमारी | ४६ | ७७ | ० | |
| ५ | वडा नं. ५ | २७ | ४७ | ५ | |
| ६ | वडा नं. ६ वाहाखा वजार | २७ | ७० | २ | |
| ७ | वडा नं. ७ नगदेश | २३ | ९ | २ | |
| ८ | वडा नं. ८ वोडे | २४ | ३१ | १ | |
| ९ | वडा नं. ९ वोडे | ४७ | ८३ | १२ | |
| १० | राजस्व शाखा | - | १६४ | - | |
| | जम्मा :- | ४२५ | ९२५ | २९ | |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

**राजस्व बाडफाँटबाट बाट प्राप्त हुने राजस्व तर्फको अवस्था :-**

राजस्व बाडफाट अन्तर्गत कुल ११ वटा शिर्षकमा राजस्व बाडफाड हुने भएपनि हाम्रो नगरपालिकालाई ७ शिर्षकबाट मात्रै आय प्राप्त हुने गरेको छ। आ.ब. २०७९/०८० मा राजस्व बाडफाट अन्तर्गत घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट ३० करोड आय प्रस्ताब गरिएकोमा हालसम्म जम्मा १,१३,७७,४४२।- रुपैया मात्र प्राप्त भएको छ। यद्यपि रकम बाडफाट हुन बाँकी भएकोले केही रकम थपिए पनि हामिले लिएको लक्ष्य पुरा नहुने देखिएको छ।

- बाँडफाट बाट प्राप्त हुने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर गरी ९,६३,५८,०००।- लक्ष्य लिईएकोमा हालसम्म २,३५,४६,५८९.७६ प्राप्त भएको छ।
- प्रदेश सरकारवाट बाँडफाँट भई आउने सवारी साधन कर रू.३,१८,२३,०००।- प्राप्त हुने अनुमान गरिएकोमा असोज मसान्तसम्मको रु. ९३,००,६९३.६२ प्राप्त भएको।
- यस नगरपालिकाक्षेत्रभित्रका सडकहरू अभिलेखिकरण नभएको कारणले गर्दा सडकको लागि प्राप्त हुने राजस्वमा कमी आएकोले यथाशिघ्र नगरक्षेत्रभित्रका सडकहरूको अभिलेखिकरण गरिनु आवश्यक छ।
- आर्थिक मन्दी तथा जग्गा कित्ताकाट रोक्काको कारणले जग्गा कारोबारमा आएको गिरावटका कारण कर संकलनमा आएको कमीले यो अवस्था आएको देखिन्छ। अतः आन्तरिक स्रोतमा वृद्धि गर्न नीति वनाएर अगाडी बढ्न अति आवश्यक छ। त्यसैले व्यवसाय दर्ता अभियान, एकिकृत विज्ञापन कर प्रणाली लागनु गर्ने, प्रगतिशील घरभाडा कर लगायत आन्तरिक आयमा वृद्धि हुने करहरुको संकलनमा विशेष ध्यान दिनु जरुरी देखिएको छ। जसले हाम्रो नगरपालिकालाई आर्थिक रुपमा आत्मनिर्भर वनाउन सकिने छ। विज्ञापन कर संकलन को वृद्धि गर्न करको दायरालाई फराकिलो वनाउन आवश्यक छ। एकिकृत रुपमा विज्ञापन कर संकलन गर्न नगरभरिको विज्ञापन कर तीन गुणा भन्दा बढिले बढ्ने अनुमान गर्न सकिन्छ। गत वर्ष रु. २१,१३,१३७.०६संकलन भएकोमा एकिकृत प्रणालीमा जाने हो भने ६० लाख भन्दा बढि कर संकलन गर्न सकिने अनुमान छ।

देश संघीयतामा गए पनि कर संकलनमा मुख्य भूमिका केन्द्र सरकारकै रहेको छ। कुल कर संकलनको ८० प्रतिशत हिस्सा केन्द्र र प्रदेश सरकारकै रहेको देखिन्छ। आयकर, मुल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार आदि धेरै परिमाणमा संकलन हुने राजस्व केन्द्र सरकारमै रहेको छ। मनोरञ्जन कर, सवारी साधन कर, खानी कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर लगायतका केही कर प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेको छ। यसरी संकलित कर वितरणको आधार तय नगौं काम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने जिम्मेवारी पाएको छ। आयोगको सिफारिसको आधारमा स्रोत वितरण हुने गरेको छ। देश संघीयतामा गएपछि संघ र प्रदेशले वनाउने वजेटमा विभिन्न अनुदान शिर्षकहरु रहेका छन्। संघले प्रदेश र स्थानीय तहलाई तथा प्रदेशले स्थानीय तहलाई अनुदान स्वरुप वजेट विनियोजन गरेका हुन्छन्। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७२ को परिच्छेद ४ मा अनुदान सम्वन्धी व्यवस्था रहेको छ। यसको बाँडफाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने व्यवस्था छ। जस अनुरुप यस नगरपालिकालाई निम्न वमोजिम अनुदान बाडिएको छ :

**१. वित्तीय समानिकरण अनुदान :**

- नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था गरिएको छ। नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतवाट उठेको राजस्वलाई प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुन वमोजिम आयोगको सिफारिमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ।
- आ.ब. २०७९/०८० मा मध्यपुर थिमि नगरपालिकालाई रु. २४,१९,००,०००।- प्राप्त हुने भनिएकोमा हालसम्म १२,०९,५०,०००।- प्राप्त भैसकेको छ जुन ५० प्रतिशत रहेको छ।

२. **सशर्त अनुदान :**

- नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने गरिएको छ । सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्वन्धमा शर्तको व्यवस्था गरिएको हुन्छ र सम्वन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था गरिएको हुन्छ ।
- आ.व. २०७९/०८० मा मध्यपुर थिमि नगरपालिकाले सशर्त अनुदान चालुतर्फ रु. २२ करोड रुपैया अनुदान प्राप्त हुने प्रतिवद्धता प्राप्त भएको थियो जसमध्ये मसिरसम्ममा रु. १०,८९,४५,०००।- रुपैया प्राप्त भैसकेको छ । जुन ४९.५२ प्रतिशत रहेको छ । त्यस्तै पूँजीगत तर्फ रु. ३,१४,००,०००।- रुपैया प्राप्त हुने प्रतिवद्धता प्राप्त भएकोमा रु.२,४२,५०,०००।- घट्न गई रु. ७१,५०,०००।- रुपैया कायम भएकोमा हाल सो शिर्षकमा १२,००,०००।- प्राप्त भएका छ ।
- त्यस्तै, प्रदेश सरकारबाट शसर्त अनुदान अन्तर्गत रु. २,३६,४४,०००।- रुपैया प्राप्त हुने प्रतिबद्धता प्राप्त भएकोमा पौष महिनासम्म रु. ८३,६०,०००।- रुपैया प्राप्त भैसकेको छ, जुन ३५.३६ प्रतिशत रहेको छ ।

३. **समपूरक अनुदान :**

- नेपाल सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्वन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ । समपूरक अनुदानमा नगरपालिकाले आधा लागत सहभागिता अनिवार्य गरिएको छ । मध्यपुर थिमि नगरपालिकालाई यो अनुदान मार्फत न्यून मात्रै अनुदान प्राप्त भएको देखिएको छ । आ.व. २०७९/०८० मा पूँजीगत तर्फमात्रै ७० लाख रुपैया अनुदान प्राप्त भएको देखिन्छ । जसमध्ये हालसम्म रकम केन्द्र सरकारबाट निकासा भएको छैन ।
- त्यस्तै प्रदेश सरकारवाट जम्मा ३ करोड मात्रै अनुदान प्राप्त हुने प्रतिवद्धता प्राप्त भए पनि टेण्डरको प्रक्रिया भईरहेकोले प्राप्त हुन बाँकी रहेको छ । सहभागितामुलक ठुला विकास निर्माणको कार्यको लागि यो अनुदान आवश्यक छ । समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाईने गरेको छ :-

  (क) योजनाको सम्भाव्यता

  (ख) योजनाको लागत

  (ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ

  (घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति

  (ङ) योजनाको आवश्यकता र प्राथमिकता

  समपूरक अनुदान कुनै योजनाको कुल लागतको आधारमा प्रदान गरिन्छ ।

४. **विशेष अनुदान :-**

- नेपाल सरकारले देहायको कुनै उद्देश्य राखि प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्ने व्यवस्थ गरेको छ ।

  (क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने ।

  (ख) अन्तर प्रदेश, अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने ।

  (ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने । प्रदेश सरकारले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम विशेष अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ ।
- मध्यपुर थिमि नगरपालिकाले नगरको शिक्षा, स्वास्थ्य, लक्षितवर्गको विकासको लागि यो अनुदान आवश्यक छ तर हालसम्म मध्यपुर थिमि नगरपालिकाले यो अनुदान प्राप्त गरेको छैन । अत: मध्यपुर थिमि नगरपालिकाले यसमा पहल गर्न आवश्यक देखिएकोले आ.व. २०७९/०८० को लागि नगरपालिकाबाट ५० करोड शिक्षा र स्वास्थ्यको लागि केन्द्र सरकारसंग बजेट माग गरिएको छ ।

आगामी आर्थिक बर्ष २०८०/०८१ को लागि आय प्रक्षेपण :-

| क्र.सं. | शिर्षक | आ.ब. २०८०/०८१ को अनुमान (अंकमा रू.) | अक्षेरमा (रु.) |
|---|---|---|---|
| १. | आन्तरिक राजस्व स्रोत | ३६,६९,४५,००० | छत्तिस करोड उनान्सत्तरी लाख पैतालिस हजार। |
| २. | राजस्व बाँडफाँट बाट | ३०,००,६०,००० | तिस करोड साठी हजार। |
| ३. | नेपाल सरकारबाट प्राप्त हुने अनुदान | १,१८,८९,९०,००० | एक अर्ब अठार करोड उनानब्बे लाख नब्बे हजार |
| ४. | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | १५,७८,१८,००० | पन्ध्र करोड अठहत्तर लाख अठार हजार |
| ५. | जम्मा | २,०१,३८,१३,००० | दुई अर्ब एक करोड अठतिस लाख तेह्र हजार |

आन्तरिक आयस्रोतमा वृद्धि गर्न माथि उल्लेखित उपायहरू तथा अन्य विधिहरू अवलम्बन गरी जनतालाई सुविधा विस्तार, समृद्ध, सुन्दर, विकसित नगर बनाउन हामीले जनतालाई गरेको बाचा पुर्‍याउने साधन बन्न सक्छ। आन्तरिक आय भनेको नगरपालिकाको मेरुदण्ड पनि हो। अतः यसको दायरा विस्तार, कर संकलनको अनुपातमा वृद्धि गर्दै लानु पर्छ। कर संकलन जुन वडाले सबैभन्दा बढि गर्‍यो सो वडालाई पुरस्कृत गर्ने व्यवस्था गर्न आवश्यक कछ। हालसम्मको तथ्याङ्कले वडा नं. ३ ले सबैभन्दा वढि राजस्व सङ्कलन तथा विकास निर्माणमा पनि अगाडी रहेको देखाएको छ। अबको दिनमा सबै वडा अध्यक्षज्यूहरूको नेतृत्वमा व्यवसाय दर्ता अभियान तथा करको विषयमा जनतालाई सुसूचित बनाउन आवश्यक देखिएको छ। त्यस्तै आ-आफ्नो वडामा अनधिकृत निर्माण तथा जग्गा विकास कार्यको नियमन तथा व्यवस्थित गरि करको दायरामा ल्याउन आवश्यक छ। अनधिकृत निर्माण रोक्न सकिएन भने अव्यवस्थित बसोबासको समस्याले नगरपालिकालाई पिरोल्छ। जसले गर्दा अन्तमा पिडिट बन्ने जनता नै हुन्। अतः यस्ता गतिविधिलाई निरुत्साहित बनाउन वडाले आफ्नो क्षेत्रभित्रको अवैद्य कामहरू रोक्न जरूरी छ। जग्गा विकास स्वीकृति नलिनु भनेकै खुल्ला क्षेत्र नछोड्ने र राजस्व नतिर्ने स्वार्थ नै हो। खुल्ला क्षेत्रको आवश्यकता हामीले भूकम्पमा बुझिसकेका छौं। त्यस्तै बालबच्चा, वृद्धवृद्धालाई खेल्ने र तहल्ने ठाउँ युवाहरू स्वस्थ हुन घुम्ने ठाउँ पनि यहीं हो। अतः व्यवस्थित वस्ती विकासमा हामीले ध्यान दिनै पर्छ। यदि हामीले अहिले अव्यवस्थित वस्ती विकास रोक्न सकेनौं भने भोली खुल्ला क्षेत्र नामेट हुने छ। त्यस्तै, विकास निर्माण कार्य गर्न प्राप्त हुने राजस्व समेत प्राप्त नहुन सक्छ, जसको कारण विकास निर्माणको लागिं बजेट उपलब्ध गराउन सकिदैन, जसले गर्दा जनतालाई सदैव पिडामा बाच्नुपर्ने अवस्था रहन्छ। त्यसैले व्यवस्थित आवासको लागि नै हामीले निजी क्षेत्रलाई अभिप्रेरित गर्न जरुरी छ। व्यवसाय कर, सम्पत्ति कर, बहाल कर लगायतका करको विषयमा जनतलाई सु-सूचित बनाउन जरुरी छ। कर किन तिर्ने भन्ने आम नागरिकमा धारण फैलिएको छ। त्यसको जवाफ हामीले दिन जरुरी छ। सरकार संचालन हुनु भनेकै जनताले तिरेको करबाट हो। त्यहीं करबाट विकास निर्मार्णको काम र जनतालाई सेवा सुविधा प्रदान गर्ने हो। जनताले तिरेको कर एकीकृत गरी जनतालाई विभिन्न माध्यमबाट कर फिर्ता हुने कुरा जनतालाई बुझाउन आवश्यक छ। हामीले हाल शुरु गरेको विकास निर्माण कार्य, स्वास्थ्य बिमा सेवा, निःशुल्क रक्त सेवा, निःशुल्क आधारभूत सेवाको उपलब्धता गराउने प्रतिवद्धता पूरा गर्ने साधन भनेकै जनताले तिर्ने कर नैं हो।

त्यसका अतिरिक्त नेपाल सरकारबाट प्राप्त हुने अनुदानहरू, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम पनि नगरपालिकाको प्रमुख स्रोत हो। समानिकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, यस्ता अनुदान प्राप्त गर्न केही प्रक्रियाहरू पूरा गर्नुपर्ने हुन्छ। त्यसैले नगरपालिकाको तर्फबाट आवश्यक प्रक्रियाहरु पुर्‍याई योजनाहरु अध्ययन, मूल्यांकन गरी समयमै बजेट माग गर्नु आवश्यक छ।

मध्यपुर थिमि नगरपालिकाले आवधिक योजना, मध्यकालिन खर्च संरचना निर्माणको चरणमा छ । जसले नगरपालिकाको दिर्घकालिन आवश्यकताको पहिचान, खर्चको सुनिश्चितताको व्यवस्था गर्ने छ । जसले नगरपालिकाको विकास निर्माणको खाका तयार गर्ने छ । यसले ठुल्ठुला योजनाहरू निर्माणको स्रोत सुनिश्चितता गर्न सहयोग पुऱ्याने छ । विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादम्यता कायम गर्नु, योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्पादनशील विकासका लागि स्थानीय तहको गतिविधिलाई निर्दिष्ट गर्नु, सिमान्तकृत समुदाय, महिला, बालबालिका, ज्येष्ठ नागरिकहरूलाई प्रत्यक्ष लाभ हुने योजनाहरू तय गर्नु आवधिक योजनाको उद्देश्य रहेको छ । मध्यकालिन खर्च संरचना बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका रहन्छ । नगरमा अतिआवश्यक योजनाहरूको प्राथमिकीकरण गरी स्रोत सुनिश्चितता गर्ने, आवधिक योजना र वार्षिक योजनालाई बजेटसँग तादम्यता कायम गरी स्रोत साधनको विनियोजनलाई उपलब्धिपूर्ण बनाउनुं, बजेट अनुमान यथार्थपरक भयो भने मात्र विकास निर्माण अगाडी बढ्ने हुनाले यसले बजेट निर्माण प्रक्रियालाई यथार्थपरक बनाउन सहयोग पुऱ्याउने गर्दछ । जसले आन्तरिक तथा बाह्य स्रोत अनुमान गरी बजेट खाका तयार गर्न सहयोग पुऱ्याउँछ । मध्यकालिन खर्च संरचनाले आवधिक योजना तथा वार्षिक विकास कार्यक्रम तथा बजेटको पूलको काम गर्ने गर्छ । त्यसैले योजनालाई यथार्थपरक बनाउन र स्रोत सुनिश्चितताको लागि आवधिक योजना र मध्यकालिन खर्च संरचना आवश्यक छ । मध्यपुर थिमि नगरपालिकाबाट पनि आवधिक योजना र मध्यकालिन खर्च संरचना तयार गर्ने प्रयास गरिएको छ ।

यो वर्ष राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानी घट्ने अवस्थामा रहेको छ । मालपोत कार्यालयको तथ्यांक अनुसार आ.व. २०७८/०७९ मा घरजग्गा कारोवारबाट कुल ३ अरबको आय हुँदा यस नगरपालिकालाई करीब ३० करोडरुपैयाबाँडफाँट भई प्राप्त भएको थियो । चालु आ.व ०७९/०८० मा घरजग्गा रजिष्ट्रेशन कारोबारबाट ४९ करोड रुपैया मात्रै आय भएको मालपोत कार्यालय भक्तपुरबाट जानकारी प्राप्त भएको छ । जसले गर्दा यो वर्ष राजस्व बाँडफाँटबाट प्राप्तहुने राजस्व घट्ने अवस्था देखाएको छ । मुलुकको अर्थतन्त्रमा व्याप्त तरलता अभावका कारण आर्थिक क्षेत्रमा आएको मन्दी प्रमुख कारण हो । अतः यो वर्ष आन्तरिक स्रोत वृद्धिको प्रयासमा लाग्नुपर्ने देखिएको छ । नगरपालिकाको मुख्य स्रोत सम्पत्ति कर, घरवहाल कर, विज्ञापन कर लगायतको कर सङ्कलनमा विशेष जोड दिनुपर्ने देखिन्छ । त्यस्तै केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानका लागि पनि निरन्तर पहल गरिनु आवश्यक छ ।

**जय मध्यपुर**

विजय कृष्ण श्रेष्ठ
नगर उपप्रमुख
मध्यपुर थिमि नगरपीलका